2072_Chait_19

पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ३३ | २०७२ चैत १९ गते शुक्रबार (Apr. 1 , 2016) | मूल्य रू. १०/-

## कांग्रेसको दोहोरो मापदण्ड

काठमाडौं । नेपाली कांग्रेसले पार्टीगत स्वार्थका लागि दोहोरो मापदण्ड अपनाउन थालेको आभाष मिलेको छ । संसदको नियमावली समेत कांग्रेसकै अडानका कारण बन्न नसकेको अवस्थामा कांग्रेसका नेता रामचन्द्र पौडेल पक्षले नयाँ संविधान अनुसार पार्टीको संसदीय दलको नेता चयन गर्नुपर्ने अडान लिएको छ भने तिनै पौडेलले संसदको संसदीय सुनुवाई समिति भने पुरानो संविधान अनुसार नै गठन हुनुपर्ने भन्दै संसदीय सुनुवाई समिति निर्माण गर्न अवरोध सिर्जना गरिरहेका छन् । पुरानो संविधान अनुसार संवैधानिक आयोगका प्रमुख र सदस्यहरू, राजदूतहरू, न्यायपरिषद्का सदस्यहरूको संसदीय सुनुवाई गर्नुपर्ने संवैधानिक व्यवस्था छ् । पुरानो संविधान अनुसार संसदीय सुनुवाई समितिमा ७५ जना रहने व्यवस्था भएकोमा (**बाँकी अन्तिम पेजमा**)

# उपप्रधानमन्त्रीको अभियान : राजासहितको हिन्दूराष्ट्र

काठमाडौं । सत्तामा भएको राष्ट्रिय जनमोर्चाले देशव्यापी रूपमा संघीयताविरोधी अभियान चलाइरहेको र सत्तामै रहेको राप्रपा नेपालले हिन्दूराष्ट्र र राजतन्त्रसहितको संविधानको परिकल्पनाका साथ देशव्यापी जागरण अभियान अघि बढाएपछि नेपालको संविधानको कार्यान्वयन हुनै नसक्ने स्थितिमा पुगेको छ । त्यसै पनि मधेसले विभेद भयो भनेर संविधान अस्वीकार गरिसकेको, विप्लव र सीके राउतले जनसरकार र फौजी संगठन तयार गरिरहेको स्थितिमा सरकारमै बसेका दलले गरेको विद्रोहले संविधान कागजको



खोस्टो हुनुपुगेको छ ।

उपप्रधानमन्त्री तथा राप्रपा नेपालका अध्यक्ष कमल थापाले चीन भ्रमणबाट फर्कनासाथ सार्वजनिक रूपमा भनेका छन्–राजासहितको हिन्दूराष्ट्र नबनाई विश्राम लिन्न । संविधानको आलोचनात्मक समर्थन गरेर दोस्रो बरियताको रूपमा सरकारमा सहभागी भएका राप्रपा अध्यक्ष कमल थापाले अहिले आएर यो विद्रोहको स्वर किन निकाले ? राजनीतिक र कूटनीतिक बृत्तमा ठूलै चर्चाको विषय बनेको छ ।

भनिन्छ, चीनले भारतसँग मात्र होइन, पूर्वराजालाई समेत स्पेश दिएर अघि बढ्न प्रधानमन्त्रीलाई सुझाव दिएको छ । त्यही सुझाव थाहा पाएपछि राप्रपा नेपालका अध्यक्ष कमल थापाले स्थगित राखेका आफ्ना एजेण्डालाई तुरूपको एक्का बनाएर अघि सारेका हुन् ।

राप्रपा अध्यक्षको यो भनाई सार्वजनिक भएपछि देशव्यापी रूपमा राप्रपा नेपालका कार्यकर्तामात्र होइन, राजावादी र हिन्दूवादीहरू जुर्मुराएर उठ्न थालेका छन् । त्यसो त चीन जानुअघि राप्रपा अध्यक्ष कमल थापाले ५ लाख जनतालाई राजधानीमा उतारेर हिन्दूराष्ट्र कायम गराउन सकिन्छ भनेका थिए । त्यसो गर्न नसके चुनावमा बहुमत ल्याएर संविधान संशोधन गरेर भए पनि हिन्दूराष्ट्र कायम गराएरै छाड्ने भनेका थिए । अव त गणतान्त्रिक संविधानअनुसारको सत्तामै बसेर राप्रपा अध्यक्ष थापाले राजतन्त्रसहितको हिन्दूराष्ट्र कायम (**बाँकी अन्तिम पेजमा**)

## बोले बाबुराम, ओली र प्रचण्ड जिल्लाराम



काठमाडौं । बाबुराम भट्टराईले दुई टुका के बोले, प्रधानमन्त्री र छायाँ प्रधानमन्त्री केपी ओली र प्रचण्ड दुबै जिल्लाराम भएका छन् ।

मधेसका माग जायज छन्, मधेसमा दुई प्रदेश दिनैपर्छ, देशलाई शान्ति, स्थिरता र आर्थिक समृद्धितर्फ लानैपर्छ । बाबुरामको पहिलो अभिव्यक्ति यही हो । बाबुरामले दिएको दोस्रो अभिव्यक्ति भनेको लोकतन्त्रको मेरूदण्ड भनेको धर्मनिरपेक्षता हो, त्यसैले संविधान निर्माण गर्दा धर्मनिरपेक्षता लेखिएको हो । नेपालको संविधान परिवर्तनशील (**बाँकी अन्तिम पेजमा**)

## महतोद्वारा वृहत आन्दोलनको चेतावनी

**अभियान संवाददाता**



काठमाडौं । लामो समयसम्म आन्दोलनमा रहेका केही मधेसवादी दलहरूको मोर्चाको एक घटक सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले यस अघि भएको मधेस आन्दोलनलाई अभूतपूर्व भन्दै थप आन्दोलनका लागि महागठबन्धन निर्माण हुँदै गरेको बताएका छन् । महतोले उक्त कुरा हालै वीराटनगर सो पार्टीको राष्ट्रिय कार्यसमितिको (**बाँकी अन्तिम पेजमा**)

## देउवा र पौडेलको भीडन्त फेरि हुने

काठमाडौं । नेपाली कांग्रेसको १३ औं महाधिवेशन भर्खरै सकिएको छ । महाधिवेशनले नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई सभापति चुनेपछि एक प्रकारले राजनीतिमा नयाँ तरंग नै ल्याएको छ । सुशील कोइरालाको निधनपछि सभापति बन्ने होडमा उपसभापति रामचन्द्र पौडेल र शेरबहादुर देउवा देखिए पनि अन्तिममा सभापति कोइरालाले महामन्त्रीमा मनोनित गरेका कृष्णप्रसा सिटौलाले समेत सभापतिमा उम्मेदवारी दिएपछि देउवालाई सभापति बन्न सजिलो भएको थियो ।

पार्टी सभापतिमा देउवा निर्वाचित भएपछि अब संसदीय दलको नेता छान्न पनि चुनाव हुने भएको छ । सुशील कोइराला पार्टी सभापति र संसदीय दलको नेता समेत रहेका थिए, तर उनको निधन भएपछि सबै पद रिक्त छन् । अहिले कांग्रेस संसदमा प्रमुख प्रतिपक्षी दल भएपनि कोइरालको निधन पछि प्रमुख विपक्षी दलको नेताको पद खाली भएकाले अब उक्त पदका लागि फेरि पौडेल र देउवा नै भिड्ने पक्का (**बाँकी अन्तिम पेजमा**)

## ओली सरकार ढल्ने खतरा

**अभियान संवाददाता**



काठमाडौं । कांग्रेसको महाधिवेशन सम्पन्न हुनु र राप्रपा, राष्ट्रिय जनमोर्चाले संविधानविरोधी गतिविधिमा लाग्नु तथा सरकार टिकाउने मुख्य दल एमाओवादीले संविधान कार्यान्वयन गर्न राष्ट्रिय सरकारको आवश्यकता रहेको गीत गाउँदै हिड्नुले ओली सरकारको दिनगन्ती सुरू भइसकेको चर्चा सुरू भएको छ । त्यसो त एमालेभित्रै गत मंगलवार भएको स्थायी समितिको बैठकमा माधव कुमार नेपाल समूहले प्रधानमन्त्री तथा पार्टी अध्यक्ष ओलीलाई पार्टी चलाएको कि गूट ? सरकार चलाएको कि पसल ? भनेर प्रश्न गर्दा दुबै समूहवीच कड्काकड्की भएको छ । माधवकुमार र झलनाथ दुबैले लामो समयदेखि कांग्रेससहितको राष्ट्रिय सरकारको आवश्यकता रहेको अभिव्यक्ति दिइरहेका छन् ।

स्मरणीय के पनि छ भने नेपाली कांग्रेसको महाधिवेशनले संविधान कार्यान्वयन गर्न राष्ट्रिय सहमति आवश्यक रहेको र कांग्रेस नेतृत्वको सरकार बनाउनु पर्ने नीति पारित गरिसकेको छ । यतिबेला कांग्रेस संसदीय दलको नेता चयनमा लागेको छ । सभापति शेरवहादुर देउवा आफै सरकारको नेतृत्व गर्न संसदीय दलको नेता बन्ने तयारीमा जुटेका छन् । कांग्रेस सरकार बनाउन अघि सर्छ कि सर्दैन, कांग्रेसको खास धारणा यो संसदीय दलको नेताको चुनावपछि मात्र सार्वजनिक हुनेछ ।

यद्यपि कांग्रेसले आफू प्रतिपक्षमै बस्ने भनेको छ । कांग्रेसको मान्यता छ, तिनवटै ठूला दल सरकारमा बस्नु हुन्न । प्रजातन्त्र कमजोर हुन्छ । प्रधानमन्त्री ओली र एमाले (**बाँकी अन्तिम पेजमा**)

## माओवादीको एकीकरण भ्यागुताको धार्नी

काठमाडौं । एमाओवादीबाट विभाजित भइ बनेको नेकपा–माओवादीको नेतृत्व गरेका मोहन वैद्य पछिल्लो समयमा एमाओवादीसँग पार्टी एकीकरण गर्ने पक्षमा पुगेका छन् । वैद्यले पुष्पकलम दाहालले नेतृत्व गरेको पार्टीबाट २०६९ सालमा पार्टी विभाजित गराउँदै नेकपा–माओवादीको नेतृत्व गरेका थिए ।

पार्टी विभाजन गराउँदा वैद्यलाई बलियो समर्थन दिएका नेत्रविक्रम चन्दले वैद्यको नेतृत्वमा रहेको पार्टीलाई पुनः विभाजित गर्दै अहिले चन्दले नेकपा माओवादी पार्टीको नेतृत्व गरी पार्टी सञ्चालन गरिरहेका छन् । पुष्पकमल दाहालसँगै रहेका एमाओवादीका तत्कालिन नेता डा.बाबुराम भट्टराईले संविधान जारी भएपश्चात एमाओवादी परित्याग गरेर अहिले नयाँ शक्ति नामक पार्टीको नेतृत्व गरिरहेका छन् । (**बाँकी अन्तिम पेजमा**)



पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

# स्थानीय निकायको निर्वाचन चाँडो गराऊ

*पछिल्लो पटक नेपालमा २०५४ सालमा स्थानीय निकायको निर्वाचन भएको थियो । त्यसबेला निर्वाचित भएका जनप्रतिनिधिहरुको पदावधि २०५९ सालमा समाप्त भएपछि आजसम्म पनि स्थायनीय निकायको निर्वाचन हुन नसक्नु दुःखको विषय मात्र होइन, जनताले पाउनुपर्ने अधिकार समेत गुमाएका छन् । लोकतान्त्रको महत्वपूर्ण र अनिवार्य सर्त हो आवधिक निर्वाचन । निर्वाचनबाट चुनिएका प्रतिनिधिहरुले स्थानीय नीति निर्माण र कार्यान्वयनका लागि मात्र भूमिका खेल्दैनन्, उनीहरुले स्थानीय जनता र राज्यबीच पुलको समेत काम गर्ने भएकाले स्थानीय निर्वाचन अनिवार्य भएको हो । जनतासँग प्रत्यक्ष सरोकार राख्ने र स्थानीय निकाय राजनीतिक दलहरुकै लाचारीका कारण यत्तिका वर्षसम्म जनप्रतिनिधि बिहीन बनाइनुले लोकतन्त्रकै खिल्ली उडाएको छ । अहिलेकै अवस्थामा स्थानीय निकायको निर्वाचन भइहाल्ने अवस्था समेत देखिएको छैन ।*

*पछिल्लो समयमा सत्ताधारी दलहरु र प्रमुख प्रतिपक्षी दलले स्थानीय निकायको निर्वाचन आवश्यक भएको बताएता पनि उनीहरु स्थानीय निकायको निर्वाचन गराउन तयार देखिएका छैनन् । राजनीतिक दलहरुले स्थानीय निकयको निर्वाचनका लागि सरकारलाई दबाब दिनु पर्नेमा उनीहरु सरकार गिराउने र बनाउने खेलमै रमाउँदै गएका हुनाले विकास निर्माणका कार्यहरु प्रायः ठप्प भएका छन् । कर्मचारीहरुबाट स्थानीय निकाय सञ्चालन गरिएपछि स्थानीय निकाय भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । ठूला भनिएका राजनीतिक दहलरुले स्थानीय निकायमा दलीय संयन्त्र खडा गरेर बजेटमा समेत भागवण्डा गरी बजेटको दुरुपयोग गर्दै आ-आफ्ना कार्यकर्ताहरुलाई बजेट बाँडफाँड गरी भ्रष्टाचार मात्र गरिरहेका छन् । कर्मचारीहरुको तहबाट स्थानीय निकाय सञ्चालन गर्दा कर्मचारीहरुलाई आ-आफ्नो प्रभावमा परी स्थानीय निकायमा भ्रष्टाचार मात्र गरेका हुनाले विकास निर्माण प्रायः शुन्य रहेको र झण्डै दुई दशकदेखि चुनाव हुन नसक्दा विभिन्न राजनीतिक दलमा आवद्ध नेता तथा कार्यकर्ताहरु समेत नेतृत्व विकास गर्ने मौकाबाट समेत वञ्चित भएका छन् । यसले गर्दा स्थानीय निकाय तहमा रहेर काम गर्ने नेता तथा कार्यकर्ताहरु समेत विदेश पलायन हुने र राजनीतिप्रति नै घृणा जाग्न सक्ने सम्भावना समेत देखिएको छ ।*

*स्थानीय निकायको निर्वाचन जतिसक्दो छिटो हुनुपर्छ भन्ने आवाज बारम्बार उठ्दै आएको छ । राजनीतिक दलहरुले समेत निर्वाचन छिटो गराउने उद्घोष गर्दै आए पनि निर्वाचनका लागि भने तयारी समेत भएको छैन । राजनीतिक दलहरुले निर्वाचन छिटो गराउने आफ्नो उद्घोषलाई सार्थक बनाउने हो भने सर्वप्रथम सबै राजनीतिक दलहरु निर्वाचनका लागि तयार हुनु आवश्यक छ । नयाँ संविधानले स्थानीय निकायको पुनःसंरचना गर्ने प्रावधान राखेको र त्यही प्रावधान अनुसार संवैधानिक आयोग समेत गठन भइसकेको हुनाले तत्कालै अब स्थानीय निकायको निर्वाचन होला भनेर विश्वास गर्न सकिने अवस्था छैन । पुनःसंरचना सकेर मात्र स्थानीय निकायको निर्वाचन गराउने हो भने अझ घटीमा दुई वर्ष स्थानीय निकाय जनप्रतिनिधि बिहीन हुने देखिन्छ । तर संविधानले नै संक्रमणकालिन ब्यवस्था समेत गरेको हुनाले सरकार र राजनीतिक दलहरुले दृढ इच्छाशक्ति देखाएको खण्डमा स्थानीय निकायनको निर्वाचन छिटो गर्न सक्ने सम्भावना देखिन्छ । त्यसमा सरकार र राजनीतिक दलहरुले एकै ठाउँमा उभिएर स्थानीय निकायको निर्वाचन गराउनेमा एक मत हुनु आवश्यक छ । आफ्ना नागरिकलाई सेवा सुविधा सर्वसुलभ र चुस्त बनाउँदै नागरिकहरुको अधिकारको रक्षा गर्ने दायित्व राज्यको भएकाले यसका लागि स्थानीय निकायलाई जनप्रतिनिधियुक्त बनाउनै पर्छ । आम नागरिकले जनप्रतिनिधि नहुँदा अनेक प्रकारका दुःख, कष्ट पाएका छन्, त्यसको पछिल्लो प्रमाण हो, भूकम्पबाट प्रभावित जिल्ला र क्षेत्रमा सरकारी अनुदान तथा ऋण वितरण गर्न र पुनर्निर्माणमा समेत असर परेको तथ्यलाई सरकार र राजनीतिक दलहरुले भुल्न हुँदैन ।*

*नयाँ संविधानको भाग ३३ मा ब्यवस्था गरिएको संक्रमणकालिन ब्यवस्था अनुसार हालैको पुरानो ढाँचा अनुसार पनि निर्वाचन गराउन सकिन्छ । संख्या र क्षेत्र निर्धारण भएर अर्को निर्वाचन नभएसम्म जनप्रतिनिधिहरु बहाल हुन सक्ने यो प्रक्रियामा जान दलहरुले राजनीतिक सहमति गरे पुग्छ । यदि त्यसो नगर्ने हो भने अर्को विकल्प हो हालको संसदको म्याद सकिएपछि हुने प्रतिनिधिसभा निर्वाचनका क्रममा स्थानीय निकायको पनि निर्वाचन गर्ने । स्थानीय निकायमा भएको रिक्ततालाई पूर्ति गर्न सरकार र दलहरुले संक्रमणकालिन ब्यवस्था अनुसर नै पहिलो विकल्प रोज्नु उपयुक्त हुन्छ । स्थानीय निकायको निर्वाचन चाँडो गराउनु भन्ने सर्वोच्च अदालतको दुई पटकको निर्देशनात्मक आदेश पालना गर्न र उच्चस्तरीय प्रशासन सुधार आयोगले पनि केही महिनाअघि सरकारलाई बुझाएको आफ्नो प्रतिवेदन कार्यान्वयन गर्न पनि निर्वाचन आवश्यक छ ।*

*स्थानीय निकायको निर्वाचन लोकतान्त्रिक अभ्यास गर्ने महत्वपूर्ण माध्यम पनि भएकाले निर्वाचन आयोग समेत चार महिनाभित्रमा निर्वाचन गर्न तयार रहेको अवस्थामा स्थानीय निकायको निर्वाचन गराउन अब सरकार र राजनीतिक दलहरुले खुट्टा कमाउनु हुँदैन । त्यसका लागि सबैले अब स्थानीय निकायको निर्वाचनका लागि तयारी थाल्नु आवश्यक छ । जनताले आफ्ना स्थानीय प्रतिनिधिहरु पाउने उनीहरुको नैसर्गिक अधिकारलाई सरकार र राजनीतिक दलहरुले खेलवाड गर्न पाउँदैनन् । जनताले आफ्नै आँखा अगाडि आफैंले जिताएका प्रतिनिधिहरुको शासन चाँडो देख्न पाउनुपर्छ भन्ने हामीले ठानेका छौं ।*

# ओलीलाई आफ्नै पार्टीबाट संकट ?

*देवेन्द्र चुडाल*

पहिलो संविधानसभा संविधान निर्माण गर्न असफल भयो । संविधान निर्माण गर्नैका लागि भनेर विश्वमा गरिने संविधानसभाको दोस्रो दुर्लभ निर्वाचन सम्पन्न भयो । दोस्रो संविधानसभाले संविधान निर्माण गरी जारी समेत गऱ्यो, तर संविधानले सम्पूर्ण जनताको भावना र चाहनालाई समेट्न सकेन । त्यसैले अहिले पनि केही मधेसवादी दलहरूले आन्दोलन गरिरहेका छन्, भने आउँदो २०७३ वैशाखदेखि वृहत आन्दोलनको धम्की समेत दिइरहेका छन् । संविधान जारी हुनुपूर्व केही मधेसवादी दलहरूले गरेको आन्दोलनलाई देखाएर दक्षिणी छिमेकी मुलुक भारतले अघोषित रूपमा नेपालमाथि नाकाबन्दी गऱ्यो । त्यो नाकाबन्दीले गर्दा नेपालको अर्थतन्त्र नै डामाडोल मात्र भएन, विकास निर्माणका कार्यहरू समेत ठप्प भए । २०७२ वैशाख १२ गते गएको भूकम्पले गर्दा नेपाली जनतामाथि पीडामाथि पीडा थपिए पनि त्यो कसैलाई बरदान सावित भयो । नेकपा एमालेका अध्यक्ष केपी ओली २०७२ असोज २४ गते प्रधानमन्त्री पदमा संसदबाट अत्याधिक बहुमतका साथ विजयी भए । उनी प्रधानमन्त्री बन्दा मुलुकले अघोषित नाकाबन्दी व्यहोरिरहेको थियो, तर त्यो नाकाबन्दीले उनलाई प्रत्यक्ष रूपमा कुनै असर पुऱ्याएको देखिएन । भारतसँग नेपालको लामो समयदेखि रहँदै आएको सम्बन्धमा केही दरार उत्पन्न भएपनि नेपाली जनताले नाकाबन्दीलाई भारतको हेपाहा प्रवृत्ति भन्दै सरकारको विरूद्धमा कुनै नारा, जुलुस, धर्ना दिएनन्, बरू घन्टौंसम्म लाइनमा बसेर इन्धनलगायत ग्यास लिए भने उनीहरूले भारततिरै धारे हात लगाए । नेपालको इतिहासमै नेपाली जनताले सरकारलाई यति ठूलो सहयोग र समर्थन मरिचमान सिंह श्रेष्ठको सरकार र ओली नेतृत्वको सरकार बाहेक अन्य कसैलाई गरेका थिएनन् । यस अर्थमा ओलीलाई भाग्यमानी प्रधानमन्त्रीका रूपमा लिनै पर्छ ।

भारतले लगाएको अघोषित नाकाबन्दीको प्रभाव अझै पाँच/सात वर्षसम्म पर्ने सम्भावना बढेर गएको छ । त्यसमाप नि २०७२ वैशाख १२ गते गएको भूकम्पले गर्दा विकास निर्माणका कार्यमा अवरोध सिर्जना भएकोछ । तोकिएको समयमा कुनैमा पनि विकास निर्माणका कार्यहरू सम्पन्न हुन नसक्ने भएका छन् । उपत्यकाबासीलाई पर्याप्त पानी खुवाउने उद्देश्यले निर्माण भइरहेको मेचम्ची खानेपानी आयोजनाले २०७३ वैशाखदेखि उपत्यकामा पानी उपलब्ध गराउनु पर्ने समयसीमा पाएको भएपनि अझै मेलम्चीको पानी खान उपत्यकाबासीले कम्तीमा दुई वर्ष कुर्नुपर्ने अवस्था आएको छ । भूकम्पपीडितले समेत आ-आफ्नो घरमा बस्न घटीमा एक वर्ष कुर्नुपर्ने अवस्थाले प्रमाणित हुन्छ, ओली सरकार कछुवा गतिमा हिँडिरहेको छ । भूकम्पपीडितहरूलाई उचित बसोबासको व्यवस्था गर्न गठन गरिएको पुनर्निर्माण प्राधिकरण अझै कछुवा गतिमा अघि बढिरहेकोछ । प्राधिकरणका अनुसार आफूलाई चाहिने कर्मचारीहरू सरकारले उपलब्ध गराउन सकेको छैन । सरकारी कर्मचारीहरू जनताले तिरेको कर खाएर बसेका हुनाले उनीहरू सरकारले खटाएको ठाउँमा जानुपर्नेमा प्राधिकरणमा घुस खान नपाइने भएकाले उनीहरू त्यहाँ जान चाहिरहेका छैनन् । कर्मचारीहरूले खटाएको ठाउँमा नजाने अडान लिएर विभिन्न शक्ति केन्द्रहरूमा धाएर अन्यत्र सरूवा गराउने प्रवृत्ति बढेपनि सामान्य प्रशासनमन्त्री भने ठूला ठूला डंक पिटेर नयाँ नयाँ नाटक मञ्चन गर्नैमा व्यस्त भएकी छन् । जनताको कर खाएर बसेका कर्मचारीहरू खटाएको ठाउँमा जाँदैनन् भने उनीहरूलाई कारबही गर्न कसले रोकेको छ ? कि त सरकारले खटाएको ठाउँमा जानु पऱ्यो, होइन भने जागिर छाडेर अर्को व्यक्तिका लागि ठाउँ खाली गर्नुपऱ्यो भनेर सामान्य प्रशासन मन्त्रालय किन भन्न सकिरहेको छैन ? त्यसतर्फ सामान्य प्रशासनमन्त्री किन मौन ?

केपी ओली प्रधानमन्त्रीका रूपमा आएपछि जनताले उनीबाट ठूलो आशा र भरोसा गरेका भएपनि जनता विस्तारै निरास बन्न पुगेका छन् । नाकाबन्दी खुलेपछि पनि जनताले सहजरूपमा इन्धनलगायत ग्यास पाउन सकेका छैनन् । भारतले नेपालले मागेजति पेट्रोलियम पदार्थ उपलब्ध गाइरहेको नेपाल आयल निगमका प्रवक्ताले बताइरहँदा किन आपूर्ति सहज भएन ? त्यसको जवाफ आपूर्ति मन्त्रालयले किन जनतालाई दिनु नपर्ने ? अहिले हामीले अँगालेको प्रधानमन्त्रीय पद्दती भनेको मन्त्रीहरू प्रधानमन्त्रीका सहायक मात्र हुन्, सरकारको जस र अपजसको भारी प्रधानमन्त्रीले नै बोक्नु पर्छ । त्यसैले यस्तो व्यवस्थालाई मध्यनजर गर्दै स्वयं प्रधानमन्त्री ओली जिम्मेवार भएर आफ्नो नेतृत्वमा रहेको सरकारलाई जिम्मेवारीपूर्वक सञ्चालन गर्नुपर्ने अवस्था आएको छ । अहिले ओली नेतृत्वको सरकारका मन्त्रीहरू असनका छाडा साँढे जस्ता भएका छन् । प्रधानमन्त्रीको आदेश समेत उनीहरूले पालना गरेका छैनन् । आदेश आउँदै गर्छ, उनीहरू आदेशलाई उडाउँदै गएका हुनाले पनि ओली नेतृत्वको सरकारप्रति जनता निराश भएका हुन् । पुनर्निर्माण प्राधिकरणको अहिलेको अवस्था हेर्दा अबको १० वर्षसम्ममा पनि भूकम्पले भत्काएका संचरनाहरूको पुनर्निर्माण हुन सक्ने अवस्था नदेखिएको स्वयं प्रधानमन्त्री ओलीले नै बताइसकेका हुनाले अब उनी कडा रूपमा प्रस्तुत हुनुपर्ने अवस्था देखिएको छ । भारतले लगाएको अघोषित नाकाबन्दीले गर्दा एउटै देशमाथि हुने परनिर्भरतालाई क्रमश हटाउँदै लैजाने पहिलो प्रयास स्वरूप चीनसँग पारवहन सन्धी भएको छ । प्रधानमन्त्री ओलीको चीन भ्रमणको उपलब्धि भनेको पारवहन सन्धी नै हो । पारवहन सन्धीबाट नेपाललाई तत्कालै कुनै फाइदा नभएपनि भोलीका दिनमा यसले ठूलो सहयोग पुऱ्याउन सक्ने सम्भावना छ । नेपालले लामो समयदेखि उत्तरी छिमेकी मुलुक चीनसँग पारहवन र यातायात सम्झौता गर्ने प्रयास गरेको भएपनि यसअघिका कुनै पनि सरकार सफल भएका थिएनन् । तर ओलीको चीन भ्रमणमा त्यो कार्य सफल भएकोछ । चीन र नेपालबीच पारवहन र यातायात सन्धी हुनुमा अप्रत्यक्ष रूपमा भारतको समेत हात रहेको छ । भारतले नेपालमाथि अघोषित नाकाबन्दी नलगाएको भए, अहिलेकै अवस्थामा यस्तो सम्झौता हुन सक्ने सम्भावना नै थिएन, तर भयो । यसलाई एक किसिमले कागताली नै सम्झनु पर्छ ।

अहिले नेपाललाई चाहिएको छ, देशलाई माया गर्ने नेता र जनता राजनीतिक नेतृत्व र आम जनताले विगतबाट शिक्षा नलिए हाम्रो राष्ट्रिय स्वाभिमान अझ खस्कँदै जाने निश्चित छ । जिम्मेवार हुनुपर्ने मानिसहरूमा व्यापक परिवर्तन नआए शासन पद्दतिमा परिवर्तन आएपनि त्यसमा तात्विक परिवर्तन असम्भव नै रहेको छ । जबसम्म मुलुकका सबै राजनीतिक दलहरू प्रमुख मुद्दामा एकै ठाउँमा उभिन सक्दैनन, तबसम्म देश विकास र जनताको कल्याण कुनै हालतमा पनि हुन सक्दैन । भारतले लगाएको अघोषित नाकबन्दीका बेलामा सबै राजनीतिक दलहरू एकै ठाउँमा उभिन सकेनन्, मधेसवादी दलहरू त नेपालस्थिति भारतीय दूतावासमै पुगेर नाकाबन्दीलाई कडा पार्न राजदूत रञ्जित रेसँग अनुरोध नै गरेर नेपाली जनतामाथि घात गरेका छन् । जतताको सेवाका लागि गठन भएका भनिएका राजनीतिक दलहरू आफ्नै जनतालाई दुःख, कष्ट दिनुपर्ने माग गर्दै विदेशी राजदूतहरूका अगाडि विन्तिपत्र हाल्न र लम्पसार पर्न पछि पर्दैनन् भने त्यस्ता राजनीतिक दल र नेताहरूबाट जनताले के आशा गर्ने ? केपी ओलीले भारतले लगाएको अघोषित नाकाबन्दी कायम हुनन्जेल भारत भ्रमण नगर्ने जुन अडान लिए, त्यसलाई नेपाली जनताले व्यापक समर्थन गरेका थिए । जनताको समर्थनलाई ओलीले झुक्न दिएनन्, त्यसैको फलस्वरूप भारत आफूले लगाएको अघोषित नाकाबन्दी अघोषित रूपमै खुला गर्न बाध्य भयो । नाकबन्दी फिर्ता गराउन नेपाली सेनाले महत्वपूर्ण योगदान गरेको छ । नेपाली सेना भनेको राष्ट्रको गौरव हो भन्ने भनाइलाई नेपाली सेनाले सार्थक बनाएको छ । नेपाली सेनाका प्रधानसेनापति राजेन्द्र क्षत्रीको सुझबुझ र प्रधानमन्त्रीको प्रत्यक्ष निर्देशन अनुसार नाकाबन्दी खोल्न सेनाले महत्वपूर्ण भूमिका खेलेर नेपाली जनतालाई कहिल्यै नभुल्ने गुन लगाएको हुनाले नेपाली सेनालाई राष्ट्रको गौरव भनिएको रहेछ भन्ने प्रमाणित भएकोछ । सेनाले जनतालाई अप्ठ्यारो पर्दा जहिलेसुकै पनि उच्चतहको जिममेवारभी निभाउँदै आएको छ । २०७२ वैशाखमा गएको भूपकम्पले गर्दा घरबारबिनीन भएका र भूकम्पमा परेका जनताको उद्दारमा सेनाले पुऱ्याएको सहयोगलाई नेपाली जनताले कहिल्यै भुल्न सक्ने अवस्था रहँदैन ।

प्रधानमन्त्री ओलीको छोटो कार्यकाल हेर्दा ओलीले जनताका लागि खासै केही गर्न नसके पनि मुलुकको अहित हुने काम अहिलेसम्म गरेको देखिएको वा सुनिएको छैन । बाहिरी रूपमा प्रधानमन्त्रीको रूपमा ओली सफल भएपनि भित्रिरूपमा वा उनकै पार्टीभित्र ओलीविरूद्ध षड्यन्त्र हुन थालेको अभाष पाउन थालिएको छ । पूर्वप्रधानमन्त्रीहरू माधव नेपाल र झलनाथ खनाल स्वयं ओलीविरूद्ध खनिएका छन् । ओलीले पार्टी एकलौटी रूपमा सञ्चालन गरेको आरोप लगाउँदै माधव नेपाल पक्षीय नेताहरू कोठे बैठकमा व्यस्त रहेका छन् भने माधव नेपाल जसरी भएपनि ओली नेतृत्वको सरकारलाई विस्थापित गरेर राष्ट्रिय सहमतिको नाममा अर्को सरकार निर्माण गर्ने गृहकार्यमा लागेका हुनाले ओलीलाई बाहिरबाट भन्दा आफ्नै पार्टीबाट बढी संकट देखिएको एमालेका एक नेताले बताएका छन् । संसदमा प्रमुख प्रतिपक्षी दल रहेको नेपाली कांग्रेसको १३ औं महाधिवेशन सम्पन्न भएपनि संसदीय दलको नेताको चुनाव नभएकाले गर्दा कांग्रेस सरकार गिराउने र बनाउने खेलमा अहिले सक्रिय देखिएको छैन । अबको केही दिनभित्रैमा कांग्रेसको संसदीय दलको नेताको निर्वाचन हुने र त्यसपछि एमालेकै नेताहरूको सहयोगमा सरकार गिराउने खेलमा कांग्रेस लाग्न सक्ने सम्भावना बढी देखिएको छ । अर्को सत्ताधारी दल एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालसमेत ओली नेतृत्वको सरकारसँग सन्तुष्ट हुन सकेका छैनन् । संसदमा तेस्रो ठूलो पार्टी भएपनि दाहाल मुलुकको राजनीति आफ्नै वरिपरि घुमाउने महत्वकांक्षी आकांक्षा लिएर अघि बढेका हुनाले अबको केही समयभित्रै पुनः सरकार बनाउने र गिराउने खेलामा ठूला दलहरू लाग्ने सम्भावना देखिएको छ । समग्रमा हेर्दा प्रधानमन्त्री ओली बाहिरी रूपमा सफल देखिए पनि भित्रिरूपमा उनलाई असफल सावित गर्न उनैको पार्टीका शीर्ष नेताहरू लागेका हुनाले अबको ओलीको राजनीतिक यात्रा कस्तो होला त्यो हेर्न त केही समय कुर्नै पर्ने अवस्था देखिएको छ ।

*devendrachudal@gmail.com*

# धर्मनिरपेक्षता, गणतन्त्र र संघीयतामाथि प्रश्नचिन्ह


राजन कार्की

राष्ट्रिय राजनीति र सरकारभित्र जेजस्ता क्रियाकलापहरू देखिएका छन्, ती सबैको निचोड भनेको धर्मनिरपेक्षता, गणतन्त्र र संघीयतामाथि प्रश्नचिन्ह उठ्यो भन्ने नै हो । संविधान जारी त भयो, ७ महिनामा पनि कार्यान्वयन हुनसकेन । यिनै विवादको छिनोफानो नभएसम्म संविधान कागजमा सिमित हुनेछ । देशको मूल कानुन बन्न सक्ने स्थिति छैन । यतिबेला गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको घोषणा गर्नेहरू नै संविधान कार्यान्वयन गर्न नसकेर चकित परेका छन् । संविधानलाई जनताले अपनत्व प्रकट नै गरेनन् । खाली ठूला दलहरू संविधानको भ्याली पिटिरहेका छन्, संविधान देशको, देशवासीको जीवनशैली बन्न सकेन । यहीकारणले गणतन्त्र, संघीयता र धर्मनिरपेँक्षता राजनीतिक द्वन्द्वको विषय बन्यो । यो विवादको अन्त्य जनमत संग्रहबाट मात्र सम्भव देखिन थालेको छ ।

यो द्वन्द्वको साइड इफेक्टका रूपमा भूमगत सशस्त्र समूहहरू, मधेस देश बनाउनेहरू, जनसरकार निर्माण गर्दै हिड्ने शक्तिहरू जुर्मुराउन थालेका छन् । नेपालको अस्थित्व र नेपालीत्व बचाउने हो भने सबैले गम्भीरताका रूपमा सोच्नै पर्ने स्थिति सिर्जना भइसकेको छ ।

राजावादीहरू गणतन्त्रविरोधी विरोधसभा गर्न सडकमा उत्रिन थालेका छन् । यसको नेतृत्व शाही युवा शक्ति नेपाल भन्ने समूहले गरेको छ । यो राप्रपा नेपाल अथवा खुमबहादुरको जोश होइन, यो त शाही युवाशक्ति नेपालको शक्ति प्रदर्शन हो । यो युवाशक्तिले जेठ १५ भित्र राजतन्त्र फर्काउने कसम खाएको छ र हतियार समेत उठाउने धमास दिएको छ । घरघरमा, समाज समाजमा र देशव्यापी रूपमा भुसको आगो भैं सल्किएको जनआक्रोश नदेख्ने र सत्ताको मादल बजाएर रत्यौली खेल्नेहरूले यस्तो टिप्पणी गर्न सक्छन् । आगोको झिल्का हो यो, यो झिल्का सल्किएपछि इटलीको जंगलमा लागेको डढेलो बन्नसक्छ । किनकि कुनै घर, समाज वा देशको कुनै भागमा गणतन्त्रले गणको घाँटी निचोर्न र शरीरमा भएको एकथोपा रगतसम्मको शोषण गर्न छाडेको छैन ।

नेताहरूमा विवेक भएको भए आज लोकतान्त्रिक गणतन्त्र जनताको जीवनशैली बनिसकेको हुने थियो । नेताहरू विवेकहीन, संवेदनहीन बन्नाले ठूला पार्टी, केही नेता र तिनका आउरेबाउरेहरूमात्र गणतन्त्र जिन्दावाद भनिरहेका छन् । धर्मनिरपेक्षताको बखान गरिरहेका छन् । न गणतन्त्र जीवन शैली बन्यो, न धर्मनिरपेक्षताले नेपाली नेपालीको एकता नै कायम राख्न सक्यो । व्यवस्था राम्रो होला तर व्यवस्थापकको चरित्र, नियत खोटो भइदिएकाले गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता देशका आँगनमा छरिएको विष बिउ बन्न पुगेको छ । यो विष बिउ भाँगियो भने देशको अस्तित्व संकटमा पर्नेछ । देशमा शान्ति होइन, महाभारतको युद्ध हुनेछ । आहट पाउनेहरूले संचेतना चाहियो, विवेकपूर्ण तरिकाले सोचौं भन्न थालिसकेका छन् ।

शाही युवाशक्ति नेपालले जेठ १५ भित्रै राजतन्त्र पुनस्थापना गर्न आन्दोलनको घोषणा गरेको बताएको छ । अहिलेसम्म कोठे संगठनजस्तो देखिएको यो युवाशक्तिले राजधानी केन्द्रित संघर्ष गर्ने र हतियार उठाउन परे उठाउने धम्कीसमेत दिएको छ । गणतन्त्र विरुद्ध राजतन्त्र पुनर्वहाली एकमात्र लक्ष्य भनेको छ । युवा शक्ति नेपालले रिपोर्टर्स क्लबबाट यस्तो आश्चर्यजनक तर अपेक्षित घोषणा गरेको हो । शाही युवाशक्ति नेपालका अध्यक्ष छन् पशुपति खड्का । खड्का भन्छन्- गणतन्त्र विदेशीले लादेको एजेन्डा हो । नेपाली माटो सुहाउँदो राजतन्त्र नै हो, राजतन्त्रको पुनर्स्थापनाका लागि बलिदान दिन तैयार छौं । आवश्यक परे हतियार पनि उठाइन्छ । निरंकूशताको अन्त्य गर्ने जनआन्दोलनको एजेन्डा हो । गणतन्त्र लादियो । एउटा द्वन्द्वको अन्त्य गर्ने नाममा अर्को विवाद रोपियो । हाम्रो माग राजासहितको प्रजातन्त्र हो ।

कृष्ण थापा : युवाशक्ति नेपालकाका अर्का नेता हुन्। उनी भन्छन्- राजतन्त्रलाई पाखा लगाएर घोषणा गरिएको संविधान कार्यान्वयन हुनैसक्दैन । राजतन्त्र पुनर्स्थापना गर्न राजधानी केन्द्रित जनमत तैयार गर्न हामी अग्रसर भएका छौं । पछिल्लो पटक शिवरात्रिका दिन पूर्वराजाले पशुपति दर्शन गरेपछि अहिले जनताले दुःख पाइरहेकोमा असन्तुष्टि प्रकट गरेका थिए । त्यसअघि थाइलैण्ड पुगेर चीन र भारतको संस्थापनसँग सम्बन्ध सुधार गरेर वार्ता भएका समाचारहरू सार्वजनिक भइसकेका छन् ।

प्रधानमन्त्री केपी ओली चीन भ्रमण सकेर भर्खर फर्केका छन् र चीनले नेपालको संविधानको स्वागत गरेकोमा ठूलै उपलब्धि मानेका छन् । त्यही चीनले राजनीतिक सहमतिका साथ अघि बढ्नोस् भनेर दिएको कूटनीतिक सुझावमित्रको अर्थ ओलीले केलाउन सकेका छैनन् । ओलीले गत महिना गरेको भारत भ्रमणमा भारतले संविधानको स्वागत गरेन । भारतले पनि राजनीतिक शक्तिहरूलाई स्पेश दिएर सहमतिका साथ अघि बढ्न सुझाइरहेको छ । सत्तामात्र देख्ने सूर्यमुखी प्रवृत्तिका नेताहरूले उत्तर र दक्षिणले दिएको सुझावभित्रको गहनता बुझिरहेका छैनन् । बुझुन पनि कसरी ? आफै संविधान जारी गर्छन् र संविधान कार्यान्वयन गर्न नसकेर रून् न हाँस्नुको स्थितिमा रहेका छन् । अब त विपक्षीविहीन भागशान्ति जयनेपाल गर्ने राष्ट्रिय सरकारको ढोल पिट्न थालेका छन् ।

जनताले संविधानको समर्थन र अपनत्व ग्रहण किन गर्न सकेनन् ? भनेर सोच्न नसक्ने ओली सरकार विदेशीको समर्थन पाएको हल्ला गरिरहेको छ । संविधान नेपालले नेपालको लागि निर्माण गरेको हो कि विदेशी समर्थनका लागि निर्माण गरिएको हो ? संविधानको देशभित्रै व्यापक विरोध भइरहेको छ । ९१ प्रतिशत जनमत र जनबलले घोषणा गरिएको भनिएको संविधान कार्यान्वयन हुन नसकेर असरल्ल अवस्थामा छ । यस्तो स्थितिमा भारतको विरोध अथवा चीनको समर्थनले नेपालको संविधान बारीको पाटामा ठढ्याएको बुख्याँचाभन्दा प्रभावकारी हुनसक्दैन । यसकारण शाही युवाशक्ति नेपालले केही गरिहाल्छ कि ? धेरैको जिज्ञासा आकर्षित गर्न थालेको देखिदैछ ।

जुलुसले बोकेको प्लेकार्डमा विदेशीएजेण्डा गणतन्त्र खारेज गर, नेपाली जनताको चाहना राजतन्त्र कार्यान्वयनका लागि गणतन्त्रको विरोध सभा लेखिएको थियो । आन्दोलनको सुरुको चरण त्यति प्रभावशाली नभए पनि आगामी दिनमा यो आन्दोलनले आँधिबेहरीको स्वरूप लिनसक्ने अनुमान धेरैको छ । कारण, लोकतान्त्रिक सरकार नामको निरंकूशतापूर्ण शासनदेखि जनता वाक्क भइसकेका छन् । भ्रष्टाचार र कूशासनले जनतामा नेताहरूप्रति वितृष्णा उत्पन्न हुन थालिसकेको छ । नेताहरूको कालोबजारिया चरित्रका कारण लोकतन्त्र बदनाम भइरहेको छ । जनताले हस्तक्षेप नगर्ने हो भने नेताहरू अब सुध्रिदैनन् भन्ने निष्कर्ष जनताको छ ।

भ्रष्टाचार, महँगी, दण्डहीनता र असुरक्षाको विरोधमा जनता एकजुट हौं भन्ने नारा सामयिक देखिन्छ । यो नारा आम नागरिकको आवाज हो । आमनागरिकले यो स्वरमा स्वर मिलाइदिए भने आजका राजनीतिक ब्याक मार्केटका फौबञ्जारहरू कता पुग्छन्, पुग्छन् ।

हिन्दूराष्ट्र घोषणा गराइछाड्ने प्रतिज्ञा लिएका कांग्रेस नेता खुमबहादुर खड्का र राजासहितको हिन्दूराष्ट्रका लागि हिन्दू जागरण अभियान चलाइरहेको राप्रपा नेपालले आफ्नो एजेन्डालाई आन्दोलनको स्वरूपमा ढाल्ने हो भने गणतन्त्रको विरोधसभाले झन छिटो अर्को जनआन्दोलनको रूप लिनसक्छ । हिन्दूवादी अथवा राजावादी भनिएकाहरूको एजेन्डा एउटै हो । आन्दोलन र अभियान फरक फरक रूपमा चलेका छन् । हिन्दूवादीहरूको अरू पनि संस्था संगठन, व्यक्तिहरू आन्दोलित रहेको अवस्था छ । यदि सबै एकै ठाउँमा मिसिएर आन्दोलनको डंका बजाउने हो भने राजासहितको हिन्दूराष्ट्र अब धेरै टाढाको विषय रहेन ।

पूर्वराजाले पनि आफूलाई जनताका माझमा ल्याउने समय यही हो । पूर्वराजा सडकमा निस्कने, राजावादी र हिन्दूवादीहरू एक हुने हो भने असफल, अकर्मण्य र सिण्डिकेटतन्त्र बालुवाको महल ढलेझैं ढल्ने निश्चित छ ।

# सुधारको पर्खाइमा त्रिवि

*देवराज अर्याल*

२०१६ सालमा स्थापित त्रिभुवन विश्वविद्यालय नेपालकै पहिलो विश्वविद्यालय हो । नेपालको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने दक्ष शिक्षित जनशक्ति तयार गर्ने, स्तरीय उच्च शिक्षा प्रदान गर्ने, विविध विषयमा अनुसन्धान गर्ने, राष्ट्रिय संस्कृति र परम्परा संरक्षण गर्ने, कला, विज्ञान र प्रविधि एवं व्यावसायिक क्षेत्रको ज्ञान तथा अनुसन्धानलाई व्यावसायिक र समयसापेक्ष बनाउने उद्देश्यले त्रिभुवन विश्वविद्यालय स्थापना भएको हो । त्रिवि स्थापना भएको अहिले ५६ वर्ष पूरा भइसकेको छ । ५६ वर्ष लामो इतिहास बोकेका दक्षिण एसियाका महत्वपूर्ण केही विश्वविद्यालयमध्येमा त्रिभुवन विश्वविद्यालय पनि पर्न आउँछ ।

त्रिभुवन विश्वविद्यालयको स्थापनापछि नेपालमा संस्थागत ढंगबाट उच्च शिक्षाका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । त्रिविअन्तर्गत हाल मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र र कानुन गरी चारवटा संकाय छन् भने चिकित्सा शास्त्र, इन्जिनियरिङ, वन विज्ञान, कृषि तथा पशु विज्ञान र विज्ञान तथा प्रविधि गरी चारवटा अध्ययन संस्थान रहेका छन् । यसैगरी सेडा, सिनास, रिकास्ट र सेरिड गरी चारवटा अनुसन्धान केन्द्रहरू पनि रहेका छन् । त्रिविका ६० वटा आंगिक क्याम्पस छन् भने सम्बन्धन प्राप्त क्याम्पसको संख्या एक हजार नाघिसकेको छ । हुन त अहिले देशमा थप नौवटा विश्वविद्यालय स्थापना भइसकेका छन् । तर, त्रिविमा रहेको शैक्षिक चाप र भारको अवस्थामा भने अहिले पनि कुनै कमी आएको छैन । उच्च शिक्षा अध्ययन गर्नेमध्ये ९० प्रतिशतभन्दा बढी विद्यार्थीले अहिले पनि त्रिविमै अध्ययन गरिरहेका छन् ।

त्रिभुवन विश्वविद्यालय आफैंमा एउटा बृहत् र विशाल शैक्षिक संस्था हो । यसको प्रशासनिक संरचना, विद्यार्थी भर्नाको चाप, सञ्चालित विभिन्न शैक्षिक कार्यक्रम र अनुसन्धानको दायराको हिसाबले पनि यसको क्षेत्र निकै व्यापक देखिन्छ । क्षेत्रगत रूपमा हेर्ने हो भने भने देशका सबै जिल्लामा त्रिविका क्याम्पस सञ्चालनमा आइसकेका छन् । चारवटा संकाय र चारवटा संस्थानअन्तर्गतका विविध प्रकारका प्राविधिक, व्यावसायिक र साधारण विषयतर्फका शैक्षिक कार्यक्रम सञ्चालन भइरहेका छन् । खासगरी इन्जिनियरिङ, मेडिसिन, वन विज्ञान, कृषि विज्ञान र विज्ञान प्रविधितर्फका प्राविधिक विषयको शैक्षिक गुणस्तर निकै माथि रहेको छ । यस्ता विषयमा विद्यार्थीको आकर्षण पनि बढी नै छ । यति मात्र होइन, विद्यार्थीको पहिलो रोजाइ नै त्रिवि हुने गरेको छ । तर, साधारण विषयतर्फको पठन-पाठनमा भने केही समस्या रहेको टिप्पणी भइरहेको छ । खासगरी गुणस्तरमा आएको गिरावटले साधारण विषयको पठनपाठनप्रति टीका-टिप्पणी हुने गरेको हो ।

प्राज्ञिक, शैक्षिक, अनुसन्धान र प्रशासनिक हिसाबले क्षेत्र विस्तार हुँदै गएको पृष्ठभूमिमा सानातिना समस्या देखा पर्नु अस्वाभाविक होइन । यद्यपि, त्रिविसामु अहिले केही गम्भीर र ठूला प्रकृतिका समस्या पनि देखापरेका छन् । अहिले त्रिविमा सञ्चालन हुँदै आएका शैक्षिक कार्यक्रममध्ये कतिपय विषयका कार्यक्रमप्रति आमविद्यार्थीको आकर्षण घट्दै गएको छ । मानविकीतर्फ इतिहास, संस्कृति, भूगोल, जनसंख्या, बौद्ध दर्शनलगायत धेरै विषय र शिक्षातर्फका केही विषयमा विद्यार्थीको भर्नादर अत्यन्त न्यून छ । बदलिंदो समय र परिवेशमा ती विषयका पाठ्यक्रमलाई समयसापेक्ष ढंगले नयाँ रूप दिन नसकिएका कारणले गर्दा यस्तो अवस्था सिर्जना भएको हो । यस पक्षलाई पनि त्रिविले बुझ्नु जरुरी छ । त्यस्ता विषयलाई समयसापेक्ष रूपमा परिमार्जन, परिष्करण र सुधार गरी नवीनतम रूपमा विकास गर्न सक्नुपर्ने हुन्छ । विषयगत अस्तित्वलाई नामेट हुनबाट जोगाउन पनि यो कार्य गर्नु आवश्यक भइसकेको छ । अहिले व्यवस्थापन संकायअन्तर्गत बिबिए, एमबिए, बिएचएम, मानविकीतर्फ अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन, बिसिए, द्वन्द्व व्यवस्थापन शिक्षातर्फ आइसिटी जस्ता नयाँ रूपमा आएका विषय विद्यार्थीका लागि रोजाइको विषय भएको छ । भूगोल, इतिहास, संस्कृति र जनसंख्या जस्ता विषयले पनि आ-आफ्ना विषयमा नयाँ क्षेत्रको खोजी गरी पुरानो ढाँचामा रहेको पाठ्यक्रमलाई नयाँ रूप दिन सक्नुपर्छ । पर्यटन, जलवायु परिवर्तन, हिमालयको अध्ययन, प्रकोप व्यवस्थापन, जातीय परम्परा, मौलिक संस्कृति, गुणस्तरीय जीवन, विकास अध्ययन जस्ता विविध नयाँ विषय हुन सक्छन्, जसलाई अहिलेको समय र मागअनुरूप सम्बोधन गरी नयाँ विषयको रूप दिन सकिन्छ ।

सञ्चार र प्रविधिको विकास प्रचुर मात्रामा भइरहेको र यसको प्रयोग सबै क्षेत्रमा बढेको विद्यमान पृष्ठभूमिमा विश्वविद्यालयको पठनपाठन प्रक्रियालाई त्यसमा समायोजन गरेर लैजाने विधि प्रचलनमा ल्याउनुपर्ने हुन्छ । शिक्षण प्रक्रियामा सूचना र प्रविधिको प्रयोगले विषयगत गुणस्तरीयता अभिवृद्धि गर्ने मात्र होइन, अन्तर्राष्ट्रिय बजारसित प्रतिस्पर्धा गर्न योग्य पनि बनाउँछ । यस पक्षलाई त्रिविको व्यवस्थापन पक्ष, सम्बन्धित विषयका विज्ञ, प्राध्यापक र सरोकारवालाहरूले आत्मसात् गरी तदारूकतासाथ कार्यान्वयनमा ल्याउनुपर्छ । अन्यथा, प्रविधि अगाडि अगाडि विश्वविद्यालयको पठनपाठन पछाडि पछाडि पर्ने खतरा नआउला भन्न सकिँदैन । यस्तै समाजमा देखा परेका नयाँ विषय र समसामयिक समस्यालाई समाधान गर्ने खालका विषय तथा शैक्षिक कार्यक्रम पनि ल्याउन सक्नुपर्छ । तर, यसो गर्दा देशको राष्ट्रिय आवश्यकता पूरा गर्नेतर्फ लक्षित हुने कुरालाई भुल्नु हुँदैन । यति मात्र होइन त्रिविले अनुसन्धानको स्तरलाई पनि तदारूकतासाथ अगाडि बढाउन सक्नुपर्छ । त्रिविमा अनुसन्धानका लागि भनेर खोलिएका सेडा, सिनास, रिकास्ट र सेरिडजस्ता चारवटा अनुसन्धान केन्द्र छन्, तर यिनले अनुसन्धानको क्षेत्रमा उल्लेखनीय कार्य गर्न सकेको देखिन्न । आभूषण सजावटका रूपमा रहेका यी संस्थालाई सक्रिय बनाउने विषयमा पनि त्रिविले ध्यान दिनु जरूरी छ ।

माथि उल्लेख गरिएका विषय विश्वविद्यालयले नियमित रूपमा गर्नुपर्ने काम कारबाहीअन्तर्गत पर्ने कुरा हुन् । उल्लेखित कार्य सम्पादनका लागि पदाधिकारी, शिक्षक र कर्मचारी इमानदार भएर लाग्ने हो भने पनि लक्ष्य प्राप्ति कठिन छैन । तर, विश्वविद्यालयका अगाडि अहिले योभन्दा पनि ठूलो र गम्भीर समस्या उत्पन्न भएको छ । गत वैशाख १२ गते गएको भूकम्पले गर्दा त्रिविको भवन नराम्रोसँग क्षति भएको छ । इन्जिनियरहरुले गरेको सर्वेक्षणअनुसार करिब साँढे नौ अर्बको भौतिक सम्पत्ति नोक्सान भएको छ । यसको पुनर्निर्माण अहिलेका लागि सबैभन्दा चुनौतीको विषय भएको छ । यद्यपि विश्वविद्यालयमा नयाँ पदाधिकारी आएपछि पुनर्निर्माण कार्य अगाडि बढाउन नीतिगत प्रयत्न थालनी भएको छ । यसै क्रममा त्रिविले दातृ निकाय प्रतिनिधि र छिमेकी देशका राजदूतले छलफल गरी पुनर्निर्माणको विषयमा सहयोग गर्न आग्रह पनि गरेको छ । विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक र कर्मचारीबाट सानो परिणाममै भए पनि रकम संकलन गर्ने कामको सुरुवात भएको छ ।

भूकम्पका कारण भौतिक विनाश मात्र होइन, विश्वविद्यालयको शैक्षिक क्यालेन्डर कार्यान्वयनमा पनि केही समस्या देखापरेको छ । शैक्षिक क्यालेन्डर कार्यान्वयनमा देखापरेको समस्याका कारणले गर्दा विश्वविद्यालयका सम्पूर्ण शैक्षिक र प्राज्ञिक कार्यक्रम तथा तालिकाको स्वाभाविक सञ्चालनमा अवरोध उत्पन्न हुन पुगेको छ । जसले गर्दा पठनपाठन नियमित रूपमा हुन नसक्ने, परीक्षा प्रभावित हुने, नतिजा प्रकाशनमा ढिलाइ हुने, समयमा पाठ्यक्रम परिमार्जन हुन नसक्ने अवस्था सिर्जना भएको छ । यो अर्को चुनौती हो । यो समस्या समाधानका लागि कार्यरत पदाधिकारी, प्राध्यापक, कर्मचारी सबै इमानदार र कर्तव्यनिष्ठ भएर लाग्नुपर्ने हुन्छ । अलिकति बढी मिहिनेत गरेर पनि थपिएको कार्यभार पूरा गर्नुपर्ने हुन्छ । नियमित पठनपाठन, नियमित परीक्षा र नियमित रूपमा नतिजा प्रकाशित गर्नु शिक्षक-कर्मचारीको दायित्वभित्रकै कुरा हो ।

# मधेश आन्दोलनमा वैकल्पिक मार्गको खोजी

*उपेन्द्र झा*

मधेशको आगामी कार्यक्रम के हुने भन्ने बिषयमा दलहरूको क्रान्तिकारी नाराहरु त छँदैछ । तर युवा शक्तिमा देखिएको आक्रोश, अविश्वास, निराशा आदिले विकल्पका मार्ग खोज्ने प्रयासहरु पनि अघि बढेको छ । मधेश आन्दोलन पटक पटक यथास्थितिवादी शक्तिहरूको शिकार भइरहँदा यसलाई गन्तव्यमा पुऱ्याउने युवाहरूको दृढता सशक्त रूपमा रहेको सबैले देखिसकेका छन् । मधेशी युवाहरु मधेश आन्दोलन स्थगित भएदेखि नयाँ उर्जा संकलन गरि संगठित हुने दायित्वबोधको दबाबबाट प्रेरित भई पुनः जुट्न बाध्य भएका छन् ।

मधेश आन्दोलनलाई नयाँ सोचका साथ अगाडि बढाउने बाध्यात्मक परिस्थिति आइपरेको अनुभवका साथ युवाहरु मधेशको राजनीतिलाई यथास्थितिको दलदलबाट निकाल्न आवश्यक रहेको स्वीकार्दछन् । नयाँ ढंगको सोचका आधारमा कार्यक्रमलाई राज्यसत्ता विरूद्ध उतार्ने अबको आन्दोलन परिष्कृत हुन जरूरी छ । होइन भने नेताहरूको स्वार्थपूर्तिमा प्रयोग हुने आन्दोलनमा मधेशी युवाहरु शहादत त दिन्छन् तर यसको गुणात्मक उपलब्धि भने केही हुँदैन । शहादत दिएको सूची लामो होला तर मधेशले पाउने वास्तविक अधिकारबाट सधैं वञ्चित नै रहनु पर्ने राजनीतिक विश्लेषकहरूको आँकलन छ ।

शदियौंदेखि भेदभावको उत्पीडन भोगि रहेको मधेशको परिवर्तनको चाहना बलियो भएपछि मधेश आन्दोलनको जन्म भयो । यसले बलपूर्वक राज्य समक्ष आफनो माँग राख्न सफल भयो । संविधान सभाको स्थापना गराएर मधेशको मुद्दालाई व्यापक छलफल गरायो । राज्यको साजिशका कारण मधेशका मुद्दाहरु सम्बोधन हुन सकेन तर यसले मधेशको समस्यालाई नजीरको रूपमा स्थापित गरायो । मधेशको भेदभावलाई हटाउन नचाहेका शासकहरूको लागि सिरदर्द बनेको छ मधेश आन्दोलन । परिवर्तनको मदमा मात्तिएको मधेश अधिकारबिना शान्त बस्ने पक्षमा नरहेकोले राज्य विरूद्धको मधेश आन्दोलन सम्बोधन नहुञ्जेलसम्म चलि रहने छ । मधेशप्रति राज्यसत्ताको चर्को अन्तर्विरोधले जहाँ मधेशलाई परिवर्तनको पक्षमा दृढतापूर्वक उभ्याई रहेको थियो भने आन्दोलनको जग पनि बसी रहेको थियो । मौका पाएर विस्फोट भएको मधेशले एकातिर सयकडौं बलिदान दिएर आन्दोलनलाई रक्तबाट सिंचित गरेको छ भने परिवर्तनको जागृति ल्याउन मधेशको हावापानीलाई पनि उत्तेजित पारि दिएको छ । परिवर्तनका चाहना राख्ने मधेशको अब एकमात्र लक्ष्य रहेको छ – अधिकार प्राप्ति । बलिदान वा अधिकार – मधेशको एकमात्र आधार । अब त मधेशको आन्दोलनलाई दलले मात्र होईन, मधेश स्वतः आन्दोलित हुने कुरा भर्खरैको आन्दोलनले साबित गरि सकेको छ । मधेश जहाँ आफनो अधिकारप्रति सजग छ त्यहीं युवाशक्तिलाई पनि बलिदानी आन्दोलनको लागि तयार गरि सकेको छ । मधेश आन्दोलनलाई दलहरूले स्थगित गरेपनि मधेश नेतृत्वको खोजिमा लागि परेको छ । आन्दोलन मधेशको आवश्यकता हो । दलहरूको उपयोगको वस्तु होईन । अहिले दलहरु जसरी भीषण आन्दोलनको कुरा गरि रहेको छ यो मधेशको आवश्यकतालाई बुझेरै भनेको हो । अधिकारको सम्बोधन नभएसम्म संघर्ष चलि रहने यथार्थ त सबैले स्वकार्नै पर्छ ।

मधेशको माँगलाई नेपाली काँग्रेसले पनि सम्बोधनको आश देखाएर आफनो जीतको भरपूर फायदा उठाएको छ । सभापतिका प्रत्याशी द्वय शेरबहादुर देउवा र रामचन्द्र पौडेलले आफनो जीतसंग मधेशको समस्यालाई जोडेर चुनाव लडे । म जीतें भने मधेशको समस्यालाई हल गरेर छाड्छु भन्ने अभिव्यक्तिका साथ चुनाव लड्दा शेरबहादुर देउवाले आफनो प्रतिद्वन्द्वी रामचन्द्र पौडेललाई ५२२ मतले पराजित गरि विजय हासिल गरेको छ । के मधेशको सवाललाई नेपाली काँग्रेसका नयाँ सभापति शेरबहादुर देउवाले हल गर्न सक्ला ? बिल्कुलै होईन । यो त राजनीतिक स्टन्टवाजी हो । मधेशको समस्याप्रति शासकवर्ग गम्भीर भएको भए संविधान सभाको ८ वर्षमा मधेशले सुखद अनुभूति गर्न सक्दथ्यो । तर संविधान सभाका ८ वर्ष मधेशको लागि कालरात्रि नै सावित भयो ।

अनुदार सरकारको व्यवहार र मधेशका राजनीतिक अगुवाहरूको वैचारिक फिसलन नै मधेश आन्दोलनका असफलताका कारक तत्व हुन् । यस पटक मधेश आन्दोलनले प्राप्त गरेको बलियो आधार फेरि पाउन मुश्किल नै देखिन्छ । यसरी सशक्त रूपमा रहेको मधेश आन्दोलन निष्कर्षविहीन कसरी बन्यो ? यसको समीक्षात्मक छलफल हुन जरूरी छ । आन्दोलन अवश्यम्भावी रहेकोले परिष्कृत आन्दोलनका लागि एउटा ठोस रणनीति आउन जरूरी छ । दोश्रो पंक्तिको नेतृत्व समूहमा यसको छलफल आवश्यक रहेको देखिन्छ । आन्दोलन गर्ने समूह र पार्टी संचालन गर्ने समूह फरक फरक तत्व हुन् । यी एकै सिक्काका दुई पाटा हुन् । एकै ठाउँमा रहेपनि दुवै विपरित दिशातिर फर्केका हुन्छन् । आन्दोलन गर्नु एउटा विषय हो भने पार्टी चलाउनु अर्को विषय । यहाँ एउटै शक्तिले दुवै भूमिका निर्वाह गरेको छ । आन्दोलनलाई गन्तव्यसम्म पुऱ्याउने एउटा स्वतन्त्र विचार हो भने पार्टी असंख्य बन्धनमा बाँधिएको परतन्त्र विचार हो । यसको सिमित घेरा छ । घेरालाई तोडेर यो स्वच्छन्द रूपले अगाडि बढ्न सक्दैन । पार्टी संचालन गर्ने शक्ति नै संघर्ष संचालन गर्ने अभिभारा लिएको कारण आन्दोलन विफल हुँदै आएको छ ।

नयाँ शक्ति एउटा उद्देश्य बोकि संघर्ष गरि रहेको हुन्छ । संघर्षलाई गन्तव्यमा पुऱ्याउने एकमात्र उद्देश्यका साथ त्यो शक्ति प्रेरित रहेकोले उसको अर्को बाध्यात्मक परिस्थिति हुँदैन जसबाट उसमा विचलन आओस् । पार्टी संचालन गर्नेहरु अनेक बन्धनमा बाँधिएकाले आन्दोलनलाई संचालन गरे पनि ऊ सिमित घेरामा आन्दोलनलाई राख्न बाध्य रहेको हुन्छ । पार्टी संचालन गर्नेहरूको आन्दोलन व्यक्तिगत स्वार्थ पूर्तिको माध्यम बन्नुको कारण यही हो । अधिकार प्राप्तिका लागि उठाईएको आन्दोलन सो दिशामा बढ्न नसक्नु नेतृत्वको कमजोरिका कारण हो ।

माओवादी संघर्ष आमूल परिवर्तनको दिशामा सशक्त रूपमा बढेको कदम थियो । यसले राज्यसत्तालाई हल्लायो पनि । तर जब त्यो शक्ति पार्टीको रूपमा आयो, त्यसपछि छिन्नभिन्न हुँदै किनारा पनि लाग्यो । न उसको संघर्ष उपलब्धिमूलक बन्न सक्यो न पार्टी नै एकढिक्का रहन सक्यो । आन्दोलन आम जनताको सहभागितामा हुन्छ भने पार्टी कार्यकर्ताको जमातले संचालन गरेको हुन्छ । पहिलो मधेश आन्दोलन जनताले गरेको थियो र निर्णायक पनि बन्यो । आफनो माँगले संवैधानिक दर्जा पाएको अवस्थामा जनताले यसको पूर्णता दिने अभिभारा राजनीतिक अगुवाहरूलाई सुम्पेको थियो ।

राज्यसत्तामा पुगी असिमित मनोकाँक्षा पूरा गर्ने मधेशका अगुवाहरु अनेक अदृश्य शक्तिहरूको घेरामा बाँधिएको अवस्थामा संचालन गरेको मधेश आन्दोलन स्वतन्त्र हुन सक्दछ ? अधिकार दिलाउने स्वतन्त्र आन्दोलनको नेतृत्व ऊ गर्नै सक्दैन । जनताले अधिकार आन्दोलन गरि दिएपछि मात्र उसको भूमिका शुरु हुन्छ । यहाँ त "आफै बोक्सी आफै झाँक्री" को अवस्थामा मधेश आन्दोलन अलमलिई रहेको छ । पार्टी अगुवाहरु क्रान्तिकारी नारा दिएर अधिकार दिलाउने भ्रम त फैलाउँछन् तर अनेक बहानामा आन्दोलनलाई निर्णायक हुन दिंदैनन् । आफनो स्वार्थ पूर्तिको अवस्थासम्म आन्दोलन चलाउने मधेशका अगुवाहरु यसलाई कहिल्यै निष्कर्षमा पुऱ्याउन सक्दैन । निष्कर्षमा पुऱ्यायो भने पछि के का लागि राजनीति गर्ने ? राजनीति गर्न "इश्यु" त चाहियो । आन्दोलन गन्तव्यसम्म पुग्न नसकेका अनेक कारण मध्ये मधेशको नेतृत्व गर्ने राजनीतिक पार्टीका अगुवाहरु प्रमुख कारण हुन् । यिनी राज्यसत्ताप्रति जति आक्रोशित रहेपनि चरित्र भने संदिग्ध नै रहेको विगतका घटनाक्रमले देखाई सकेको छ ।

६ महिनाको लामो आन्दोलनलाई बिना निष्कर्ष फिर्ता लिने तथाकथित नेताहरूले यसको मधेशमा के प्रतिक्रिया हुने भन्नेबारे किञ्चित पनि सोचेन । मधेश आन्दोलनले सबै शक्तिलाई एकीकृत गरि रहेको बेला नेता भनाउँदाहरूले आफनो पराक्रमको नतिजा ठानेर आत्मविभोर भई रहँदा अहिले विश्वासघाती, अवसरवादी तथा गद्दार आदि संज्ञाबाट विभूषित भई रहेका छन् । मधेश आन्दोलनको विशालता देखेर ठूला पार्टी परित्याग गरि मधेशको प्लेटफारममा आएर आन्दोलन गर्ने मधेशीहरूलाई नेतृत्वले घरको नघाटको अवस्थामा पुऱ्याएको छ । आफनो ठाउँ लिएर बसेकाहरु यताको नउताको भएपछि नेतृत्वको विचारहीनताबाट पूर्ण नैराश्यता भोग्न बाध्य छन् । युवाशक्ति किंकर्त्तव्यविमुढ भएर वैकल्पिक मार्गको खोजीमा भौंतारि रहेका देखिन्छन् । नेताहरूको क्रान्तिकारी नारामाथि आफनै कार्यकर्ता नकारात्मक टिका टिप्पणी गरि रहेका छन् । आन्दोलनप्रति समर्पित मधेशका युवाहरु नेतृत्वको ढुलमुले चरित्रबाट वाक्क दिक्क मानेका छन् । के गरोस् वैकल्पिक मार्ग नभेटाएसम्म यही फिसलनको राजनीतिलाई स्वीकार गर्ने बाध्यता छ ।

मधेशमा जतिसुकै राजनीतिक अन्योल आएपनि आन्दोलनको विकल्प नरहेको सबैले स्वीकारेका छन् । शान्तिपूर्ण आन्दोलनलाई दृढताका साथ अगाडि बढाउने चाहना सबैको भएकोले अहिले वैकल्पिक मार्गको खोजिमा सबैको ध्यान जानु स्वाभाविक हो । मधेशमा आन्दोलनको प्रवल महत्वाकाँक्षालाई परिस्थितिले जन्माई दिएको छ । यही महत्वाकाँक्षाले एकीकृत रूपमा रणनीति पनि तय गर्छ र आन्दोलनको नेतृत्व पनि गर्छ । ०६३ सालमा आन्दोलनको नेतृत्व गर्ने फोरम पार्टीको रूपमा आएपछि तहस नहस भएको सर्वविदित छ । आन्दोलन सफलतापूर्वक हाँकेको फोरम विभाजित हुँदै आफनो अस्तित्व नै गुमाई सकेको छ । ***(मधेस दर्पण)***



# सामुदायिक वनको उपलब्धि

*घनश्याम पाण्डे*

ढिलै भए पनि नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयले नेपालको वनस्रोत सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरेको छ । सन् २०१० मा फिनल्यान्ड सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सुरू भएको नेपालको वनस्रोत सर्वेक्षण परियोजना सन् २०१३ मा सम्पन्न गर्ने लक्ष्य भए पनि सन् ०१४ मा एक वर्ष ढिला गरी सम्पन्न भएको थियो । वन अनुसन्धान तथा सर्वेक्षण विभागको नेतृत्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वन अनुसन्धान विज्ञ टोलीले सम्पन्न गरेको वनस्रोत सर्वेक्षण प्रतिवेदनमाथि तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयको नेतृत्वले आशंका व्यक्त गरी सो प्रतिवेदन प्रकाशन गर्न आनाकानी मात्र गरेन, समग्र वनस्रोत सर्वेक्षण पद्धति, प्रविधि र विज्ञहरूको योग्यतामाथि नै प्रश्न खडा गर्‍यो । अनि अध्ययनको परीक्षण गर्न समिति नै बनायो । अन्ततः यी सबै आरोह-अवरोध पार गर्दै हालै मात्र सो प्रतिवेदन सार्वजनिक भयो । यसलाई सकारात्मक नै मान्नुपर्छ । तर, वनस्रोत सर्वेक्षण र प्रतिवेदनमाथि वनको अर्थ राजनीति के थियो ? भन्ने कुरा अझैसम्म सार्वजनिक हुन सकेको छैन ।

यस वनस्रोत सर्वेक्षण प्रतिवेदनले नेपालमा वन क्षेत्र बढेको देखाएको छ । प्रतिवेदनले यसअघि रहेको कुल भू-भागको ३९.६ प्रतिशत वन क्षेत्र बढेर ४४.७४ प्रतिशतसम्म पुगेको देखाएको छ । कुल वन क्षेत्रमध्ये ५९ लाख ६२ हजार हेक्टर अर्थात् ४०.३६ प्रतिशत भूभाग वन र ६ लाख ४८ हजार हेक्टर अर्थात् ४.३८ प्रतिशत अन्य काष्ठ तथा बुट्यान क्षेत्र रहेको प्रतिवेदनमा उल्लेख छ । सोभन्दा अगाडिको प्रतिवेदनअनुसार नेपालमा ३९.६ प्रतिशत कुल वन क्षेत्रमध्ये २९ प्रतिशत वन र १०.६ प्रतिशत अन्य काष्ठ तथा बुट्यान क्षेत्र रहेको तथ्यांक सार्वजनिक भएको थियो । यी दुवै प्रतिवेदनलाई तुलना गर्दा नेपालको वन क्षेत्र मात्र बढेको नभई झाडी र बुट्यान क्षेत्र घना जंगलमा रूपान्तरण भएको स्पष्ट रूपमा देख्न सकिन्छ । नेपालको वन क्षेत्र बढ्नु र विस्तार हुनु भनेको विगत चार दशकदेखि सञ्चालनमा आएको सामुदायिक वनको ऐतिहासिक उपलब्धि हो भन्दा अत्युक्ति नहोला । नेपालमा वन विनाश बढेको भनी हल्ला मच्चाइरहेको वेला वन क्षेत्र बढेको प्रतिवेदन सार्वजनिक हुनुले हल्ला मच्चाउनेलाई गतिलो झापड दिएको मात्र छैन, सामुदायिक वनविरोधीहरूको गलासमेत अवरूद्ध बनाएको छ ।

नेपालको वन क्षेत्रमध्ये सबैभन्दा धेरै वन क्षेत्र मध्यपहाडी र सबैभन्दा कम वन क्षेत्र तराईमा रहेको पाइएको छ । अहिलेको वनस्रोत सर्वेक्षण प्रतिवेदनअनुसार मध्यपहाडी भौगोलिक क्षेत्रमा कुल क्षेत्रफलको ३७.८० प्रतिशत, उच्च पहाडी तथा हिमाली क्षेत्रमा ३२.२५ प्रतिशत, चुरे क्षेत्रमा २३.०४ प्रतिशत र तराई क्षेत्रमा ६.९० प्रतिशत वन रहेको पाइएको छ । सामुदायिक वनको विकास र विस्तार मध्यपहाडी क्षेत्रमा नै सबैभन्दा बढी रहेको छ । वन तथा भूसंरक्षण मन्त्रालयले तराईमा सामुदायिक वन विस्तारमा आनाकानी मात्र होइन, नियन्त्रण नै गरिरहेको छ । तराईको वनमा सबैभन्दा धेरै क्षेत्रमा सरकारको नियन्त्रण छ । यस प्रतिवेदनको निष्कर्षले के देखाएको छ भने सामुदायिक वन विस्तार धेरै भएको क्षेत्रमा वन क्षेत्र बढेको छ भने सामुदायिक वन विस्तार नभएको क्षेत्रमा वन बढ्न सकेको छैन । वन नबढेको ठाउँमा सरकारी वन रहेको अध्ययनले देखाउँछ । यसबाट यो ठोकुवा गर्न सकिन्छ कि वन क्षेत्र विस्तारका लागि सामुदायिक वन विकासको विकल्प छैन ।

नेपालको धेरै वन क्षेत्र राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र र मध्यवर्ती क्षेत्रभन्दा बाहिर बढिरहेको पाइएको छ । कुल वनको १७.३२ प्रतिशत वन संरक्षण क्षेत्रभित्र रहेको छ । यस क्षेत्रमा राज्यको लगानी पनि धेरै छ । तर, यस क्षेत्रमा न त वन बढेको छ, न त जैविक विविधताको हिसाबले नै सन्तोषजनक छ । बरू राज्यको लगानी एकदमै न्यून रहेको सामुदायिक वन भएको क्षेत्रमा वन बढेको छ भने जैविक विविधताको हिसाबले पनि संरक्षित क्षेत्रभन्दा राम्रो पाइएको छ । यसरी हेर्दा नेपालको संरक्षण क्षेत्र विस्तार र लगानीमाथि ठूलो प्रश्न खडा भएको छ । यस वनस्रोत सर्वेक्षण प्रतिवेदनको अर्को निष्कर्ष के हो भने वनको संरक्षण, संवर्द्धन, विस्तार र विकास बन्दुक (गन) र सुरक्षा सेना ( गार्ड) बाट सम्भव छैन । यसका लागि सामुदायिक वन र जनताको सुरक्षा घेरा (जनसमुदायको सहभागिता) नै प्रभावकारी छ भन्ने स्पष्ट भएकाले जैविक विविधता र वनको संरक्षण एवं विनाशका लागि बन्दुक, सुरक्षा गार्ड र भौतिक तारबारमा होइन, जनसमुदायको लगानी विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

यस वनस्रोत सर्वेक्षण प्रतिवेदनले नेपालमा दश सेन्टिमिटरभन्दा बढी व्यास भएका रूखका संख्या दुई अर्ब ५६ करोड ३३ लाख भएको देखाएको छ । यसैगरी नेपालको कुल वन क्षेत्रमा एक अर्ब १५ करोड ९७ लाख टन जैविक पिण्ड रहेको बताइएको छ । कार्बन सञ्चितिका हिसाबले नेपालको कुल वन क्षेत्रमा एक अर्ब पांच करोड ५० लाख टन कार्बन सञ्चिति रहेको अनुमान गरिएको छ । यसैगरी, जैविक विविधताका हिसाबले नेपालको वन क्षेत्रमा चार सय ४३ प्रजातिका रूख पहिचान गरिएको छ ।

यो वनस्रोत सर्वेक्षण परियोजना मूलतः वनको क्षेत्रफल र वनका रूखहरूको मापनमा केन्द्रित भएको देखिन्छ । यिनै आधारमा वनमा रहेको कार्बन सञ्चितिलाई मापन गरी अनुमान लगाएको पाइन्छ । यस सर्वेक्षण परियोजनाले नेपालको वनसम्बन्धी अधारभूत तथ्यांक सार्वजनिक गर्नु महत्वपूर्ण उपलब्धि भए पनि यो वनस्रोत सर्वेक्षण कार्य र प्रतिवेदन संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनले गरेको विश्वव्यापी वनस्रोत सर्वेक्षण कार्य र प्रतिवेदनको स्तरसंग मिल्दोजुल्दो देखिंदैन । विश्वव्यापी वनस्रोत सर्वेक्षणसँग तुलना गर्दा र नेपालमा बहुआयामिक पक्षहरूको आवश्यकतालाई हेर्दा पनि नेपालको वनस्रोत सर्वेक्षण र प्रतिवेदन अधुरो देखिन्छ । यस नेपालको वनस्रोत सर्वेक्षणले ०.५ हेक्टरभन्दा बढी क्षेत्रफल भएका वन क्षेत्रको भूभाग समेटिएकाले सोभन्दा कम क्षेत्रफलमा भएका पारिवारिक निजी वन र वन क्षेत्रभन्दा बाहिरको वनलाई समेट्न सकेको छैन । यसैगरी सामुदायिक वनलगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धति र ती वन क्षेत्रलाई बेग्लै रूपमा समेट्न सकेको छैन । यस सर्वेक्षण प्रतिवेदनले नेपालको दिगो वन व्यवस्थापनको अव्यवस्था र आवश्यकतामाथि कुनै दृष्टि पुऱ्याउन सकेको छैन । वनवरिपरि बसोवास गर्ने र वनमाथि निर्भर समुदायको अवस्थाबारे यो प्रतिवेदन मौन रहेको छ । यस प्रतिवेदनले नेपालको वनको आर्थिक, सामाजिक, वातावरणीय क्षेत्रमा हुनसक्ने सम्भावित योगदानलाई कहीं कतै उल्लेख गरेको छैन । यी पक्षबारे सन् २०१० मै वनस्रोत सर्वेक्षणमा समेट्नुपर्ने विषयवस्तुबारे सुझाब दिइए पनि परियोजना र सरकारले यी विषयवस्तुलाई गम्भीरतापूर्वक नलिइदिंदा झन्डै एक अर्बजति स्वदेशी एवं विदेशी सहयोग परिचालन गरी तयार गरिएको नेपालको वनस्रोत सर्वेक्षण प्रतिवेदन अधुरो र अपुग भई उपयोगी हुनेमा शंका व्यक्त भएको छ ।

'लगनपछिको पोतेको के काम' भनेझैं वनस्रोत सर्वेक्षण प्रतिवेदन पनि त्यही लगनपछिको पोतेझैं हुने हो कि भन्ने सम्भावना देखिएको छ । यस वनस्रोत सर्वेक्षण आयोजनाको मुख्य उद्देश्य राष्ट्रियस्तरमा नेपालका वनस्रोत सर्वेक्षण गरी उपयुक्त नीति, रणनीति तर्जुमा गर्न सहयोग पुऱ्याउने रहेको थियो । तर, नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयले करोडौं रकम खर्च गरी तयार पारेको प्रतिवेदन सार्वजनिक नगरी दराजमै थन्काएर यसअघि नै नयां वननीति र रणनीति कार्यान्वयनमा ल्याइससकेको छ । वनको नीति र रणनीति बनाउन सहयोग पुऱ्याउने उद्देश्य राखेर सुरू गरिएको वनस्रोत सर्वेक्षण प्रतिवेदनको निष्कर्ष ढिलो सार्वजनिक हुनु विडम्बनाको कुरा हो ।



सन् २०१५ मै वन, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, रणनीति र सम्झौता सम्पन्न भइसकेका छन् । नेपालले समयमै वनस्रोत सर्वेक्षण आयोजना सम्पन्न गरी वनस्रोत सर्वेक्षण प्रतिवेदन सार्वजनिक नगर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, रणनीति तर्जुमामा नेपालले वनस्रोत सर्वेक्षण प्रतिवेदनका आधारमा खेल्न सक्ने महत्वपूर्ण भूमिका कमजोर भएको देखियो । अनुसन्धान र तथ्यका आधारमा वननीति, वन रणनीति र कार्यक्रम बनाउनमा वन तथा भू-संरक्षण मन्त्रालय, नेपाल सरकार असफल साबित भएको छ । यसबाट नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयको भूमिका कमजोर हुँदै गएको देखिन्छ । वनस्रोत सर्वेक्षण प्रतिवेदन एकल रूपमा सहयोग गरेको फिनल्यान्ड सरकारले वनस्रोत सर्वेक्षण प्रतिवेदन सार्वजनिकीकरणमा ढिलाइएको विषयमा असन्तुष्टि देखाउँदै वन क्षेत्रमा पुऱ्याउँदै आएको सहयोगबाट बाहिरिने जनाउ नेपाल सरकारलाई दिइसकेको छ । वननीति, रणनीति, कार्यक्रम तर्जुमा र कार्यान्वयनमा वन तथा भूसंरक्षण मन्त्रालयको भूमिकामा आशंका गर्दै वन क्षेत्रबाट वनमा सहयोग पुऱ्याउँदै आएको विकास साझेदारहरु बाहिरिंदै छन् । यसले वन क्षेत्रमा नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयको छवि धुमिल भएको संकेत गर्छ ।

ढिलै भए पनि वनस्रोत सर्वेक्षण प्रतिवेदन सार्वजनिक भएको छ । प्रतिवेदनको निष्कर्षका आधारमा विद्यमान वननीति, वन रणनीति र वनसम्बन्धी कार्यक्रम परिमार्जनमा सरकार र सरोकारवालाको ध्यान जानु आवश्यक छ । जनताको समृद्धिका लागि नेपालको वनस्रोत काफी छ भन्ने तथ्य नेपाल वनस्रोत सर्वेक्षण प्रतिवेदनले सार्वजनिक गरेको छ । त्यसैले वनमा आधारित समुदायको सशक्तीकरण, तराई र चुरेमा सामुदायिक वनको विस्तार गर्दै वनको दिगो व्यवस्थापन गरी वनमा आधारित उद्यमको विकास गरेर अगाडि बढ्नुको विकल्प छैन भन्ने तथ्य सरकार, दाता, समुदाय र सरोकारवाला सबैले बुझ्न जरूरी छ ।

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्ह्वा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०

# जमिन बाँझो राख्ने किसानलाई अब जरिवाना

पर्वत । पछिल्लो समय जिल्लामा खेतीयोग्य जमिन बाँझै रहने क्रम बढ्दै गइरहेको छ । युवाशक्ति वैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै जनशक्ति अभाव, उत्पादनमा कमीलगायत कारणले खेतीयोग्य जमिन बाँझो रहन थालेको हो ।

खेती गर्न फुर्सद नभएको र जनशक्ति नपाएको कारण देखाउँदै जमिन बाँझो राख्ने जिल्लाका 'जमिनदार' अब कारबाहीमा पर्ने भएका छन् ।

जिल्लालाई कृषिमा पूर्ण आत्मनिर्भर बनाउने उद्देश्यले उच्चस्तरीय बोर्डले आठौं जिल्ला परिषद्मा जमिन बाँझो राख्नेलाई कारबाही गर्ने नीति ल्याएको छ । जिल्लामा खाद्यान्न, दलहन, तेलहन, तरकारी आदि ठुलो आकारको आयात प्रतिस्थापन गर्न ग्रामीण क्षेत्रमा रहेको बाँझो जमिन सिंचाइ गर्ने र सिञ्चित भएको जमिन पनि बाँझो राख्ने जग्गाधनीलाई वार्षिक प्रतिरोपनी ५० का दरले जरिवाना तिर्नुपर्ने प्रावधान राखिएको हो ।

हालै सम्पन्न जिल्लाको आठौं परिषद्ले बाँझो जमिन राख्नेलाई प्रतिरोपनी ५० रूपैयाँका दरले जरिवाना गर्ने निर्णय सार्वजनिक गरेको छ । अब सबै जग्गावालले एक बाली लगाउने याममा बाँझो राखेबापत प्रतिरोपनी ५० रूपैयाँ नगरपालिका वा गाविसलाई जरिवाना तिर्नुपर्नेछ ।

विलासिताका लागि बजारमा बस्ने र आफ्नो जमिन बाँझो राखेर आयातित खाद्यान्नमा भर पर्नेलाई निर्णय बाध्यकारी हुने सरोकारवालाले बताए । सिंचाइको पर्याप्त सुविधा हुने क्षेत्रमा पनि कुल जमिनको एक तिहाइ क्षेत्र अझै पनि बाँझै रहेको तथ्यांक सार्वजनिक भएपछि सर्वदलीय भेलाले पारित गरी निर्णय गरिएको स्थानीय विकास अधिकारी युवराज पौडेलले बताए ।



'खाद्यान्न आयातमा कटौती गरी जिल्लालाई आत्मनिर्भर बनाउने उद्देश्यले नीति अवलम्बन गरिएको हो', उनले भने, 'जरिवाना लिने काम नगरपालिका र सम्बन्धित गाविसले गर्नेछन् ।'

जग्गाधनीले कुनै पनि हालतमा खेती गर्न सक्ने अवस्था नभए नजिकको छिमेकी वा खेती गर्न इच्छुक जोकोही कृषकलाई पनि बाली लगाउन दिनुपर्ने कार्यविधिमा उल्लेख छ ।

सबै जमिनको उचित सदुपयोग र कृषकलाई आवश्यक सेवा सुविधा दिई जिल्लालाई समग्ररूपमा कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यले १० करोडसमेत विनियोजन गरिएको छ । जिल्लामा बाह्रै महिना सिंचाइ हुने करिब नौ हजार हेक्टरमध्ये हिउँदमा करिब तीन हजार हेक्टर जमिन बाँझै रहेको वरिष्ठ कृषि विकास अधिकृत वासुदेव रेग्मीले जानकारी दिए ।

'हामीले गत वर्ष निकालेको तथ्यांकका आधारमा यो क्षेत्रफल आएको हो', उनले भने, 'यो वर्षमा कुन गाविसमा कति बाँझो छ भनेर अनुगमन हुँदैछ ।'

जमिनको उचित सदुपयोग गर्दै व्यावसायिक खेती गर्ने किसानलाई प्रोत्साहनका कार्यक्रमसमेत ल्याइनेछ । जमिनको उत्पादकत्व बढाउन माटो परीक्षण, अनुदानमा कृषि चुन वितरण गरिने कार्यक्रम सार्वजनिक गरिएको छ ।

त्यस्तै युवा किसानको व्यावसायिकतामा सघाउन युवा स्वरोगार, औजार, प्राविधिक उपकरणलगायत अनुदानका कार्यक्रमलाई बढाइने स्थानीय विकास अधिकारी पौडेलको भनाइ छ । जमिन बाँझो नराख्ने अभियानअन्तर्गत सिंचाइ सुविधा नभएको जमिनको प्राविधिक परीक्षण गरी माटो सुहाउँदो खेतीका लागि स्थानीयस्तरमै प्रशिक्षणसहित सम्बन्धित बालीका लागि सहयोग गर्ने कार्यक्रम रहेको उनले बताए ।

जिल्लामा थालिएको अभियान मुलुककै लागि नौलो प्रयोग भएकाले सरोकारवालाले यसको स्वागत गरेका छन् । निर्णय कार्यान्वयन भए जिल्लालाई खाद्यान्नमा आत्मनिर्भर हुन सहयोग पुऱ्याउने पर्वत उद्योग वाणिज्य संघ अध्यक्ष हरिओम लामिछानेले दाबी गरे ।

उनले भने, 'खेतीयोग्य जमिन भएर पनि बजारको भर पर्नेका लागि नियम बाध्यकारी बनाइनुपर्छ ।'

# हुलाकी राजमार्ग निर्माणमा ढिलाई

काठमाडौं । मुलुकको राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्ग निर्माण अत्यन्तै सुस्त बनेको छ । हुलाकी राजमार्गको रेखांकन गरिएको १ हजार ७ सय ९२ किलोमिटरमध्ये हालसम्म धनगढीबाट बर्दियाको सतीघाटसम्म ४३ र लम्कीदेखि टीकापुरसम्म २७ गरी ७० किलोमिटर मात्र सडक कालोपत्रे भएको छ ।

हुलाकी राजमार्गमा पर्ने १ सय ५० वटा पुलमध्ये ४५ वटा निर्माण भएका छन् भने ५८ निर्माणाधीन अवस्थामा रहेको आयोजनाले जनाएको छ । हालसम्मको कार्यप्रगतिले हुलाकी सडकलाई राजमार्गमा रुपान्तरण कार्य हुलाकबाट चिठी प्राप्त भएजस्तै कछुवाको गतिमा अघि बढेको निष्कर्ष निकाल्न सकिन्छ ।

हुलाकी राजमार्ग भारतीय सहयोगमा निर्माण हुन लागेको हो । पछिल्लो समय ३ सय ६० किलोमिटर सडकका लागि टेन्डर प्रक्रिया अघि बढे पनि सहमतिअनुसारको रकम भारतीय पक्षबाट रकम प्राप्त नभएको भौतिक पूर्वाधार मन्त्रालयले जनाएको छ ।

अर्थ मन्त्रालयबाट माग गरेअनुसार बजेट निकासा नहुँदा हुलाकी राजमार्गको काममा प्रगति हासिल गर्न नसकिएको उपप्रधानमन्त्री एवं भौतिक योजनामन्त्री विजयकुमार गच्छदारले बताए ।

'अर्थ मन्त्रालयसँग १ अर्ब ८ करोड रूपैयाँ बजेट माग भएकामा अझै रकम प्राप्त भएको छैन,' उनले व्यवस्थापिका-संसद् विकास समितिको सोमबारको बैठकमा भने । मुलुकको अर्थतन्त्रमा ठूलो योगदान दिने अत्यन्तै महत्वपूर्ण योजना भए पनि पैसाको अभावले तीव्र गतिमा काम गराउन नसकिएको उनले बताए । 'ढुकुटीको साँचो मसँग छैन, ताकेता गरेकोगऱ्यै छौँ, अझै पनि अर्थले ढुकुटी खोलेको छैन,' उनले भने ।

७ मिटर चौडाइ रहने उक्त सडक निर्माणका लागि भारतले ८ अर्ब र नेपालले ५ अर्ब रूपैयाँ लगानी गर्ने सहमति भएको छ । सन् २०००-२०२२ का लागि तयार गरेको २० वर्षे दीर्घकालीन गुरुयोजनाले पूर्व-पश्चिम राजमार्गको समानान्तर सीमाक्षेत्रको नजिकबाट तराईका २० जिल्ला छिचोल्ने गरी हुलाकी राजमार्ग निर्माण गर्ने परिकल्पना गरेको हो ।

नेपालको तराई क्षेत्रमा हुलाकीले चिठ्ठीपत्र लिएर हिँड्ने उत्तर-दक्षिणका छोटा बाटोहरूलाई माटे, खण्डास्मित र कालोपत्रेस्तरमा स्तरोन्नति गरे पनि पूर्व-पश्चिम छिचोल्ने कार्यप्रगति सन्तोष गर्न सकिने अवस्थामा देखिएको पाइँदैन ।

तराईमा सडक सञ्जाल विकास गर्नुपर्ने अपरिहार्यतालाई ध्यानमा राखेर हुलाकी राजमार्गबाहेक अरु ३० वटा सहायकमार्गको पनि स्तरोन्नति गर्नुपर्ने खाँचो औँल्याइएको छ । तराईका ग्रामीण भेगसम्म सडकसञ्जाल विस्तार गरी कृषि उपजको बजारीकरण, रोजगारीको अवसर वृद्धि, गरिबी निवारणमा सघाउ पुऱ्याउने तथा भौतिक पूर्वाधार विकासको मेरुदण्डका रूपमा काम गर्ने यो सडक निर्माणको मुख्य उद्देश्य रहेको छ ।

नेपाल-भारतबीच तराईका विभिन्न भागलाई एकापसमा जोड्ने सडक निर्माणका लागि सन् २००४ मा प्रारम्भिक सर्वे पूरा भएको थियो । सन् २००६ मा भारतले ती सडक निर्माण गर्ने सहमति जनाएको थियो । सहमतिअनुसार नेपालले जग्गा अधिग्रहण, रुख हटाउने र सम्पूर्ण पुल आफ्नो स्रोतबाट निर्माण गर्नु पर्ने प्रावधान रहेको थियो । तर, सो सहमतिअनुसार राजमार्ग निर्माणका काम अघि बढ्न नसकेपछि सम्झौता रद्द गरिएको थियो ।

हुलाकी राजमार्ग र सडक सञ्जाल जोड्ने अरु राजमार्ग निर्माणका लागि नेपाल र भारतबीच सन् २०१६ फेब्रुअरीमा पछिल्लो सम्झौता भएको हो । उक्त सम्झौताअनुसार पहिलो चरणमा बाँकी रहेका १७ वटा पुल ५ सय १८ किलोमिटर सडक निर्माण र विस्तारका लागि भारतले ८ अर्ब रूपैयाँ सहयोग उपलब्ध गराउनेछ ।

## vnsb

### भारोत्तोलन एकेडेमी बन्ने

**काठमाडौं ।** नेपाल भारोत्तोलन संघले भारोत्तोलन तथा फिट्नेस एकेडेमी निर्माण गर्ने घोषणा गरेको छ । नेपालगन्ज रंगशालामा राष्ट्रिय खेलकुद परिषद् (राखेप) को जग्गामा बन्न लागेको एकेडेमी भुइँसहित चार तलाको हुने संघले सोमबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको हो । एकेडेमी निर्माणमा करिब ८० हजार अमेरिकी डलर खर्च हुने अनुमान गरिएको भारोत्तोलन संघका अध्यक्ष रतनकुमार टण्डनले जानकारी दिए ।

भुइँ तलामा तालिम तथा फिट्नेस हल हुनेछ । यो तलामा १२




प्लेटफर्म बनाई प्रतियोगिता सञ्चालन गर्न पनि मिल्ने बताइएको छ । पहिलो तलामा १० कोठासहितको महिला होस्टेल र डाइनिङ हल रहनेछ । दोस्रो तलामा १२ कोठासहितको पुरुष होस्टेल तथा डाइनिङ हल बन्नेछ । चौथो तलामा ५० जना पढ्न मिल्ने हल र पुस्तकालय निर्माण गरिने योजना रहेको भारोत्तोलन संघले जनाएको छ ।

कार्यक्रममा एसियाली भारोत्तोलन महासंघका महासचिव मोहम्मद हसन जलौडले भारोत्तोलन संघलाई सामग्री हस्तान्तरण गर्ने कार्यक्रम भए पनि उनी उपस्थित हुन सकेनन् । अन्तर्राष्ट्रिय भारोत्तोलन महासंघका सदस्यसमेत रहेका हसन हवाईयात्राका दौरान उत्पन्न विविध समस्याले गर्दा कार्यक्रममा उपस्थित हुन नपाएपछि कार्यक्रम तत्कालालाई स्थगित गरिएको छ । हसन ब्राजिल, चीन हुँदै नेपाल आउने कार्यक्रम थियो ।

संघले भारतमा भएको १२औं दक्षिण एसियाली खेलकुद (साग) मा पदक जित्न सफल खेलाडीलाई सोमबार नगदसहित सम्मान गरेको छ । भारोत्तोलनमा नेपालले १ रजत र ३ कांस्यसहित ४ पदक जितेको थियो । पुरुषको ६२ केजीमा विकास थापाले रजत जितेका थिए । महिलाको ५३ केजीमा देवीकुमारी चौधरी, ७५ केजीमाथि तारादेवी पुन तथा ६३ केजीमा जुनमाया छन्त्यालले कांस्य हात पारेका थिए । देवीले जितेको पदक १२औं सागमा नेपालले जितेको पहिलो पदक हो । रजत विजेतालाई १० हजार तथा कांस्य विजेतालाई समान ८ हजार नगदसहित प्रशंसापत्र प्रदान गरियो । पदक विजेता सबैलाई भारोत्तोलन संघका सदस्य एवं पूर्वभारोत्तोलन खेलाडी रूकेश तण्डुकारले प्रोत्साहनस्वरूप ट्र्याकसुट प्रदान गरेका थिए ।

### इब्राहिमोभिक भित्र्याउने दाउमा इंग्लिस क्लब

स्वडेनका स्ट्राइकर ज्लाटन इब्राहिमोभिकलाई भित्र्याउन इंग्लिस क्लबहरूले इच्छा देखाएका छन् । इंग्लिस क्लबले सम्झौताका लागि प्रस्ताव गरेको स्वयं इब्राहिमोभिकले सार्वजनिक गरेका हुन् । फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)बाट व्यावसायिक फुटबल खेलिरहेका



इब्राहिमोभिकलाई भित्र्याउन इंल्यान्डका तीन ठूला क्लबले प्रस्ताव गरेका छन् । यो सिजन उत्कृष्ट फर्ममा रहेका इब्राहिमोभिकको उच्च प्रदर्शनमा पिएसजीले आठ खेलअघि नै फ्रेन्च लिग जितिसकेको छ भने च्याम्पियन्स लिगमा क्वार्टरफाइनलमा स्थान बनाएको छ । यो सिजनदेखि पिएसजीसँग सम्झौता सकिन लागेपछि ३४ वर्षीय इब्राहिमोभिकलाई इंग्लिस क्लबले प्रस्ताव गरेका हुन् । उनलाई भित्र्याउन म्यानचेस्टर युनाइटेड, चेल्सी र आर्सनलले इच्छा देखाएका छन् ।

यदि चेल्सीबाट बर्खास्तगीमा परेका जोसे माउरिन्हो म्यानचेस्टर युनाइटेडको प्रशिक्षकका रूपमा आबद्ध भए इब्राहिमोभिक रोजाइमा पर्न सक्छन् । यसअघि माउरिन्होको प्रशिक्षणमा इब्राहिमोभिकले इन्टर मिलानबाट खेलेका थिए । त्यहाँ दुईबीच राम्रो तालमेल थियो । यस्तै, चेल्सीमा इब्राहिमोभिक आबद्ध हुनुमा नयाँ नियुक्त हुने प्रशिक्षकमा भर पर्नेछ ।

इब्राहिमोभिक आर्सनलमा भने आबद्ध हुने सम्भावना कम छ । किनकि बढी उमेर भएको स्ट्राइकर आर्सनललाई खाँचो छैन, आर्सनलले युवा स्ट्राइकर भित्र्याउन चाहेको छ । यता, म्यानचेस्टर सिटीमा आबद्ध हुने सम्भावना भने नरहेको फुटबल पण्डितले विश्लेषण गरेका छन् । आगामी सिजन सिटीको प्रशिक्षकमा पेप ग्वार्डिओला आउँदै छन् । यसअघि ग्वार्डिओला बार्सिलोनाको प्रशिक्षक हुँदा इब्राहिमोभिक पहिलो रोजाइमा परेका थिएनन् ।

/Elg va/

# शिल्पीमा सेक्सपियरको नाटक

काठमाडौं/ नयाँदिल्लीस्थित नेसनल स्कुल अफ ड्रामा (एनएसडी) पढ्दा निर्देशक सुनील पोखरेलले सपना बुनेका थिए, सेक्सपियरको नाटक 'अ मिडसमर नाइट्स ड्रिम' नेपालमा मञ्चन गर्ने । अहिले उनको सपना साकार भएको छ । त्यही नाटक अहिले शिल्पी थिएटरमा मञ्चन भइरहेको छ । ४ चैतमा सुरु भएको यो नाटक २० चैतसम्म देखाइने शिल्पीले जनाएको छ ।



महिलालाई नियन्त्रणमा राख्ने पुरूष सत्ताको सोच र त्यसलाई कार्यान्वयन गर्न चाहने बाबुसँग छोरीको संघर्ष यो नाटकको मूल विषय हो । प्रेमकथामा आधारित यो फिक्सन कमेडी नाटकलाई नेपालीकरण गर्दै विभिन्न जातीय वेशभूषा र लवज प्रयोग गरिएको छ ।

नाटकमा शिल्पी थिएटर र 'ज्ञ : डिस्कभर योरसेल्फ'को प्रस्तुति रहेको छ । नाटकको अर्को रोचक पक्ष लाइभ म्युजिक हो । निर्देशक पोखरेल आफैंले प्रशिक्षण दिएर तयार पारेका दुई दर्जन कलाकार स्टेजमा अभिनयमा देखिन्छन् । नाटकलाई मनु मञ्जिल, बलराम अधिकारी, सफर पोखरेल, हरि पौडेल र प्रतीक्षा कँडेलले नेपालीमा अनुवाद गरेका हुन् । अनुप बरालले मञ्च परिकल्पना गरेका हुन् भने प्रदीप लामाले कोरियोग्राफी गरेका छन् ।

नाटकमा विजय ताम्राकार, सुनिशा बजगाईं, पुजन थापा, सगुन पोखरेल, ऐश्वर्या देवकोटा, प्रिया पाण्डे, भावना थापा, सञ्जु क्षत्री, जेडी तमू, सुयशा अधिकारी, मोहन पौडेल, सन्दीप अधिकारी, देवेन्द्र सावद, दीपक चन्द, अनिल सुब्बा, कुमार थामी, संगीत सापकोटा, आभास अधिकारी, सुरज चौलागाईं, निशा जोशी, सफल पोखरेल र बालकृष्ण रिजालले अभिनय गरेका छन् । सुनीललाई निर्देशनमा सरिता गिरी, विजया कार्की र प्रिया पाण्डेले सहयोग गरेका छन् ।

## उहिले बाजेको पालामाको अडियो सर्वाजनिक

अभिनेत्री खुस्बु खड्काले 'उहिले बाजेको पालामा' फिल्मले आफ्नो करिअर उचाइमा पुर्‍याउने दाबी गरेकी छिन् । राजधानीमा सोमबार आयोजित 'उहिले बाजेको पालामा'को अडियो तथा प्रोमो सार्वजनिक कार्यक्रममा उनले यो कुरा दाबी गरेकी हुन् ।



गणेश बेलबासेको लेखन र प्रस्तुतिमा नवनिर्देशक वसन्त जिएम निर्देशित फिल्म २४ वैशाखमा राजधानी र ७ जेठमा मोफसलका हलमा प्रदर्शन हुने भएको छ । फिल्मको अडियो सिडीको चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रिय, फिल्म वितरक सुनील मानन्धर, निर्देशक वसन्त, गीतकार तथा गायक अरूणकुमार शाह, अभिनेत्री खुस्बु खड्कालगायतले संयुक्त रूपमा विमोचन गरेका थिए ।

सुनील मानन्धर कार्यकारी निर्माता रहेको फिल्मको निर्मातामा चेतन कोइराला छन् । हरिनारायण चौधरीले खिचेको फिल्ममा विपिन आचार्यको संगीत र भरत क्षत्रीको द्वन्द्व निर्देशन छ । युनिभर्सल सर्टिफिकेटप्राप्त फिल्ममा दिलीप रायमाझी, खुस्बु खड्का, गणेश बेलबासे, सपना रोका, रवीन्द्र आचार्य, माधव पण्डित, कमल गाउँले, नवीन श्रेष्ठ, मिउन जिरेललगायतले अभिनय गरेका छन् । फिल्मले भरपूर मनोरञ्जनका साथै सन्देश पनि दिने निर्देशक वसन्तको विश्वास छ ।

## दीपकको रित्तो आकाश

कथाकार दीपक नेपाल आफ्नो पहिलो कथासंग्रह 'रित्तो आकाश' लिएर आएका छन् । कथासंग्रह शनिबार आख्यानकार नारायण ढकालले सार्वजनिक गरेका हुन् । प्रज्ञा प्रतिष्ठान, कमलादीमा आयोजित कार्यक्रममा विमोचित किताबमाथि नारायण ढकाल, उपेन्द्र सुब्बा र गुरूङ सुशान्तले टिप्पणी एवं समीक्षा गरेका थिए ।

किताबमाथि बोल्दै समीक्षक गुरूङ सुशान्तले भने, 'कथाले समकालीन समाजको व्यथा चित्रण गर्न सफल भए पनि जनयुद्धको वा राजनीतिको तटस्थतामा बसेकोजस्तो लाग्यो ।' आख्यानकार नारायण ढकालले भने, 'अहिलेको समाजमा कथा लेख्न हिम्मत गर्नु राम्रो कुरा हो । यत्तिको उमेरमा कथाकारका रूपमा आउनुभएकोमा स्वागत गर्न चाहन्छु ।'

आफूले कथा लेख्न थाल्दाको समय सम्झिँदै ढकालले भने, 'मैले लेखेको पहिलो कथासंग्रह यत्तिको पनि थिएन । आशा गरौं, दीपकबाट हामीले भविष्यमा राम्रो आख्यान पढ्न पाउनेछौं ।' संग्रहमा १६ वटा कथा संगृहीत छन् । पुस्तक शिखा बुक्सले प्रकाशन गरेको हो ।

## झमकको कृतिमाथि फिल्म

साहित्यकार झमक घिमिरेको मदन पुरस्कार विजेता पुस्तक 'जीवन काँडा कि फूल'माथि नेपाली चलचित्रको छायांकन सुरु भएको छ । विष्ट ब्रदर्स फिल्म र क्लासिक सिने युनिभर्सले बनाउन लागेको फिल्मको सुटिङ धनकुटामा सुरु भएको हो । झमकको जन्मस्थान भएकाले धनकुटामा सुरु भएको सुटिङको स्थानीय संयोजन झमक घिमिरे साहित्य कला प्रतिष्ठान धनकुटाले गरेको छ ।



निर्देशक विनोद विष्टले फिल्ममार्फत झमकको प्रतिभालाई संसारभर फैलाउन फिल्म बनाउन लागिएको बताए । यो फिल्म विनोद विष्ट, बद्री चौहान, दिनेशसिंह महरा, उमेश सुवेदीले निर्माण गर्न लागेका हुन् । फिल्मको पटकथा मुक्तिप्रसाद उपाध्यायले तयार पारेका हुन् । उनलाई संवाद तयार पार्न स्वयं झमकले पनि सघाएकी छिन् ।

रोजिता बुद्धचार्यले झमककै जन्मघरको आँगनमा खुट्टाले अक्षर लेखेर फिल्म छायांकनको शुभारम्भ गरेकी छिन् । चलचित्रमा झमक घिमिरेको बाल्यकालको भूमिका सिलगुडीकी अवस्था थापाले निर्वाह गरेकी छिन् । निर्देशक विष्टले फिल्मको ९८ प्रतिशत छायांकन धनकुटामा नै गर्ने बताएका छन् । फिल्मको मुहूर्तमा साहित्यकार गोविन्दराज भट्टराई, धनकुटाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रकाश उप्रेती, स्थानीय विकास अधिकारी, धनकुटाका सर्जकका साथै स्वयं झमकले पनि धारणा राखिन् ।

sk/6

## टेलिकमको सेवा प्रभावकारी बनाउन माग

नेपाल टेलिकमले प्रदान गर्ने सेवा प्रभावकारी बनाउन नेपाल दूरसञ्चार कर्मचारी संघ (टिन)ले आग्रह गरेको छ ।

टिनको नवौं महाधिवेशनको पूर्वसन्ध्यामा नेपालगन्जमा आयोजना गरिएको पत्रकार सम्मेलनमा अध्यक्ष राजबहादुर रावलले सेवा विस्तार र प्रभावकारी बनाउन नीति र कानुन बाधक रहेको बताए । सरकारी स्वामित्वका कम्पनी, संस्थान, प्राधिकरण धराशयी भइरहेकाले नेपाल टेलिकमलाई चाँडै निजीकरण गर्नुपर्ने उनको भनाइ थियो ।

अध्यक्ष रावलले टिनले सेवा प्रभावकारी बनाउन व्यवस्थापन पक्षलाई समय-समयमा दबाब दिँदै आएको जानकारी दिए । 'प्रतिस्पर्धात्मक अवस्थामा व्यावसायिक व्यवस्थापन, कम्पनी र पेशागत समुन्नतिका लागि सशक्त ट्रेड युनियन' नारासहित आउँदो चैत १५-१७ सम्म टिनको महाधिवेशन हुने कार्यक्रम तय भएको छ ।

## सिटिजन्सका थप दुई शाखारहित बैंकिङ सेवा

सिटिजन्स बैंकले नुवाकोटका २ गाविस थानापती र बालकुमारीमा शाखारहित बैंकिङ सेवा विस्तार गरेको छ । बैंकले युके एडको लगानीमा सञ्चालित सक्षम- एक्सेस टु फाइनान्स कार्यक्रमको सहकार्यमा भूकम्प अति प्रभावित जिल्लामा शाखारहित बैंकिङ प्रणालीमार्फत वित्तीय पहुँच पुर्‍याउने उद्देश्यले शाखारहित सेवा सञ्चालनमा ल्याएको हो । शाखारहित सेवा सञ्चालनका लागि स्थानीय व्यवसायी सुमन थपलिया र स्मृतिसिंह ठकुरीलाई व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको बैंकले जनाएको छ । थप दुई सञ्जालसहित बैंकको शाखारहित बैंकिङ सेवा संख्या ८९ पुगेको छ ।

## इन्नोभेटिभको १८ प्रतिशत बोनस सेयर

इन्नोभेटिभ डेभलमेन्ट बैंक लिमिटेडको छैठौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले आव ०७१/७२ को नाफाबाट सेयरधनीलाई २८४२ प्रतिशतबराबरको ४ करोड २६ लाख ३१ हजार ५ सय ७८ रूपैयाँ बोनस सेयर तथा कर प्रयोजनका लागि नगद लाभांश सेयरधनीमा वितरण गर्न स्वीकृत गरेको छ ।

यस्तै, संस्थाको वर्तमान सेयर पुँजी संरचनालाई परिवर्तन गरी संस्थापक सेयरधनीको ५१ प्रतिशत र साधारण सेयरधनीको ४९ प्रतिशत नयाँ सेयर पुँजी संरचना कायम गर्ने निर्णय पारित गरेको बैंकले जनाएको छ । बोनश सेयर वितरणपश्चात् बैंकको चुक्ता पुँजी २९ करोड ५ लाख रूपैयाँ पुग्ने बैंकले जनाएको छ । स्थापनाको ६ वर्षमा रूपन्देही, नवलपरासी र चितवन गरी ७ कार्यालयबाट वित्तीय सेवा प्रवाह गरिरहेको बैंकले जनाएको छ ।

## वाणिज्य बैंक कर्मचारी संघमा लावती

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघमा वेदबहादुर लावतीको अध्यक्षतामा ३७ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ । पोखरामा भएको १०औं महाधिवेशनबाट नयाँ कार्यसमिति चयन भएको हो ।

चयन भएका अन्य पदाधिकारीमा भरतप्रसाद भट्टराई वरिष्ठ उपाध्यक्ष र कामेश्वर ओझा र तोया ढुंगेल उपाध्यक्षमा निर्वाचित छन् । त्यस्तै, महासचिवमा हेमराज सुवेदी तथा उपमहासचिवमा रामप्रसाद जोशी र धर्मराज अर्याल छन् । सचिवमा बद्रीप्रसाद तिमल्सिना, लक्ष्मीप्रसाद पाण्डे, रोहित रेग्मी र लक्ष्मी ज्ञवाली रहेका छन् । यसैगरी, कोषाध्यक्षमा माधवप्रसाद अधिकारी र सहकोषाध्यक्षमा जितजंग सिंह रहेका छन् । मीना मोक्तान, महेश्वर साह, मनोहर जोशीलगायत २४ जना केन्द्रीय सदस्य चुनिएको अध्यक्ष लावतीले जानकारी दिए ।

महाधिवेशनमा राष्ट्रिय वाणिज्य बैंकका सम्पूर्ण कार्यालयबाट प्रतिनिधित्व भएको र प्रतिनिधिको संख्या ६ सयभन्दा बढी रहेको संघका अध्यक्ष लावतीले बताए ।

## सिजीको सिजी आइवेयर स्मार्ट घडी

सिजी मोबाइलले नेपाली बजारमा सिजी आइवेयर स्मार्ट घडी बिक्री सुरु गरेको छ । बाहिरी खोल डिभाइससहितको सिजी आइवेयर स्मार्ट घडी एन्ड्रोइड र आइओएस दुवै तरिकाबाट चलाउन सकिन्छ ।

१.४४ इन्चको सिजी आइवेयर घडीमा ब्लुटुथ र लामो समयसम्म टिक्ने ब्याट्री पनि रहेको कम्पनीले बताएको छ । ब्रोन सिल्भर, ब्ल्याक सिल्भर, रेड गोल्ड, ब्ल्याक गोल्ड र ब्ल्याक डार्क ग्रे रङमा नेपाली बजारमा उपलब्ध घडीको मूल्य ४ हजार ४ सय ४४ रूपैयाँ पर्ने कम्पनीले जनाएको छ । सिजी मोबाइलले नेपाली बजारमा ८ वटा स्मार्टफोन, ९ फिचर फोन बिक्री गर्दै आएको छ ।

## रानीबारीमा सुबिसु आउटलेट

इन्टरनेट, नेटवर्क र टेलिभिजन सेवाप्रदायक कम्पनी, सुबिसु केवलनेट प्रालिले काठमाडौंको रानीबारीमा दोस्रो आउटलेट 'सुबिसु स्टेसन' स्थापना गरेको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत विनयमोहन साउदले आइतबार स्टेसन उद्घाटन गरेका हुन् ।

कम्पनीले रानीबारी स्टेसनबाट रानीबारी तथा यस क्षेत्र वरपरका ग्राहकलाई सुबिसु रिटेल सेवासँग सम्बन्धित सबै जानकारी उपलब्ध गराउनेछ । त्यस्तै, स्टेसनबाट सेवा बिक्री-वितरणका साथै सेवापछिको सल्लाह पनि प्रदान गरिने कम्पनीले बताएको छ । सुबिसुले ग्राहकलाई टिभी र इन्टरनेट एउटै तारको माध्यमबाट प्राप्त गर्न सकिने सुविधा प्रदान गर्दै आएको छ ।

## कांग्रेसले...

नयाँ संविधानमा १५ जनाको संसदीय सुनुवाई समिति रहने व्यवस्था गरिएकोमा नेपाली कांग्रेसले भने अहिले पुरानो संविधान अनुसार नै संसदीय सुनुवाई समिति ७५ जनाकै हुनुपर्ने अडान लिएका कारण संसदको नियमावली समेत बन्न सकेको छैन ।

संसदीय सुनुवाई समिति बन्न नसक्दा संवैधानिक परिषदले निर्वाचन आयोगको प्रमुख आयुक्तमा सिफारिस गरेका अयोधीप्रसाद यादव र हाले न्यायपरिषद्ले सर्वोच्च अदालतको न्यायाधीशको लागि सिफारिस गरेका ११ जनाको संसदीय सुनुवाई नहुँदा न्यायपरिषद्को सिफारिस अलपत्र परेको छ । अबको केही दिनभित्रैमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश कल्याण श्रेष्ठले अनिवार्य अवकास पाउने र सर्वोच्च अदालतमा प्रधानन्यायाधीश खाली हुने अवस्थामा संसदीय सुनुवाई समिति गठन हुन ढिलाइ भएकाले अब सर्वोच्च अदालत पनि निमित्तको भरमा सञ्चालन हुनुपर्ने अवस्था सिर्जना भएको छ । व्यवस्थापिका संसदलले आफ्नो नियमावली समेत निर्माण गर्न नसकेको अवस्थामा कांग्रेसले पार्टीगत स्वार्थ र केही व्यक्तिको स्वार्थका लागि एउटा मुद्दामा पुरानो संविधान कार्यान्वयन हुनुपर्छ भन्नु र अर्को मुद्दामा नयाँ संविधान अनुसार हुनुपर्छ भन्दै दोहोरो मापदण्ड अपनाउन खोज्नु राजनीतिक दाउपेच बाहेक अन्यकेही हुन सक्दैन । नयाँ संविधान निर्माण भइ जारी समेत भएको र लागु भइसकेको अवस्थामा पुरानो संविधान अनुसार संसदीय सुनुवाई समितिको गठन हुनुपर्छ भन्नु स्वयं कांग्रेसका लागि आत्माघाती कदम हुन सक्ने राजनीतिक विश्लेषकहरूले बताउन थालेका छन् ।

## उपप्रधानमन्त्रीको...

गराइछाड्ने कसम खाएका छन् । अध्यक्षको घोषणापछि राप्रपा नेपालको हिन्दू जागरण अभियान अझ तीव्र बेगले अघि बढ्न थालेको छ ।

चीनबाट फर्केपछि अध्यक्ष तथा उपप्रधानमन्त्री थापाले भनेका छन्- चीन भ्रमण कोशेढुंगा साबित भयो । यो कोशेढुंगा आर्थिक विकासका दृष्टिले मात्र हो कि राजनीतिक परिवर्तनमा चीनको साथ र सहयोग हुने दृष्टिले पनि हो । स्पष्ट भएको छैन । तर जुन तरिकाले सत्तामा बसेर अध्यक्ष थापाले शेर गर्जिएझैं गर्जिएका छन्, यो अर्थपूर्ण मानिएको छ ।

**राप्रपा नेपालभित्र घर झगडा**

अध्यक्ष कमल थापाका विशेष सहयोगी मानिएका सहअध्यक्ष केशर विष्टले बेग्लै गोप्य भेला गरेर पार्टीलाई टुक्र्याउन खोजेका छन् । बिष्टले बेग्लै बिज्ञप्ति निकालेर कुनै पनि हालतमा संविधान मान्य छैन, मान्नै हुन्न भनेपछि आलोचनात्मक समर्थन र अन्तरवस्तुमा बिमति राखेर एमालेको तोक्मा बन्दै सत्तामा सामेल हुनु गलत मानेको बिष्ट समूहको अडानले गौरवको राप्रपा नेपाल फुटको संघारमा पुग्यो भन्ने हल्ला चलेको छ । पहिले पद्मसुन्दर लावती समूहले बिद्रोह गरेर छुट्टै समूह बनाएर राप्रपासँग एकीकरण वार्ता अघि बढाइरहेको बेलामा बिष्ट समूहले समेत लोकेन्द्रबहादुर चन्द समूहसँग एकीकरण वार्ता गरेको घटनाले राप्रपा नेपालभित्र ठूलै घरझगडा भएको पुष्टि भएको छ ।

स्मरणीय के पनि छ भने राप्रपा र राप्रपा नेपालकै एकीकरण वार्ता पनि भइरहेको छ । यो एकीकरण वार्ता राप्रपाको सिंगो पार्टी पंक्तिले कमल थापालाई अध्यक्ष मान्नुपर्ने सर्तमा पुगेर अड्किएको छ । पुराना पञ्चहरूमा अझै पनि पदलोलुपताको सुके लुतो रोगले छाडेको देखिदैन । राप्रपा र राप्रपा नेपालको भविष्य के होला ? कार्यकर्ताहरूमा चिन्ता देखिन थालेको छ ।

## बोले बाबुराम...

भएकाले नेपाल हिन्दूराष्ट्र बन्नसक्छ । यसअघि गृहमन्त्री शक्तिबहादुर बस्नेतले पनि संविधान परिवर्तनशील छ, हिम्मत भए राजा लिएर आए हुन्छ, हिन्दूराष्ट्र कायम गराएर देखाए हुन्छ भनेर फुर्ती झारेका थिए ।

अर्थात्, हिन्दूराष्ट्र र धर्मनिरपेक्षता राजनीतिक मुद्दाका रूपमा बाहिर आयो । संविधान कार्यान्वयन हुन नसकिरहेको बेलामा यी मुद्दाले राजनीतिक परिस्थितिलाई झन चर्काएको छ । हिन्दूवादीहरू कांग्रेस, राप्रपा नेपाल, शाही युवा संगठनहरू सडकमा निस्किरहेका बेलामा उठेको यो हिन्दूवाद र राजतन्त्रको विवादको निकास जनमत संग्रह नै हुनसक्छ । अन्यथा संविधान कार्यान्वयन हुनसक्दैन । देशमा अस्थिरता र अशान्ति झन बढेर जाने छ भन्ने विश्लेषकहरू बताउन थालेका छन् ।

## महतोद्वारा...

विस्तारित बैठकमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा उनले आगामी आन्दोलनका लागि शक्ति सञ्चय गर्दै मधेसी, थारु, जनजाति, मुस्लिम र पिछडा वर्ग सबै एक मोर्चामा आउनु पर्ने आवश्यकता रहेको उल्लेख गरेका छन् ।

महतोको प्रतिवेदनमा विगतको आन्दोलनको समीक्षा गर्दै सद्भावनाले वीरगञ्ज, भैरहवा, सुनौली, जोगवनीलगायतका सीमानाकामा धर्ना फितलो बनेको निष्कर्ष निकालेको छ । विस्तारित बैठकको उद्घाटन गर्दै अध्यक्ष महतोले आन्दोलनका क्रममा राज्यपक्षबाट वर्बर दमन भएको र संविधान संशोधन गरी मधेसका मुद्दा समावेश नगरुञ्जेल संविधान लागु हुन नदिने उद्घोष समेत गरेका छन् । महतोले भनेका छन्, मधेसका मुद्दा सम्बोधन नभएसम्म संविधान कार्यान्वयन हुन सक्दैन, मधेसका मुद्दालाई पाखा लगाएर संविधान कार्यान्वयन गर्न खोजिए, त्यसले मुलुकमा थप संकट उत्पन्न हुने बताउँदै त्यसैकारण मधेसका मुद्दा संविधानमा समावेश गर्न चैत मसान्तसम्मको समय सरकार र ठूला राजनीतिक दलहरूलाई दिएको बताउँदै यदि त्यसो नभए वैशाखदेखि नयाँ कार्ययोजनासहित अर्को आन्दोलनको थालनी गर्ने चेतावनी समेत दिएका छन् ।

अब बन्ने संयुक्त मधेसी मोर्चाको बैठकले आन्दोलनको स्वरूप निर्धाण गर्ने उद्घोष गर्दै मधेसको मुद्दा अन्तर्राष्ट्रिय जगतले समेत थाहा पाउनु ठूलो उपलब्धि भएको महतोले बताएका छन् । मधेसको मुद्दा खास समुदायको मात्र मुद्दा हो भनेर चित्रण गरिएकोमा अन्तर्राष्ट्रिय जगतले समेत मधेसको मुद्दा खास समुदायको मात्र होइन भनेर थाहा पाएका छन्, यो मधेसवादी दलका लागि शेर विषय बनेको उनले उद्घोष गरे । विस्तारित बैठकमा अध्यक्ष महतोले विगतको आन्दोलनमा अन्य मधेसी दलहरू र संयुक्त मधेसी मोर्चाका घटकहरूका प्रमुख नेताहरूको उदासिनताका कारण वीरगञ्ज नाका ठप्प बनाउँदा राज्यलाई दबाब पर्नुको सट्टा जनतालाई मात्र कष्ट पुगेको र जनताको दैनिक जीवनयापन कष्टपूर्ण भएकाले नाका खोल्न आफूहरू बाध्य भएको स्वीकार गरेका थिए । यसरी सद्भावना पार्टीले पुनः थप आन्दोलनको धम्की दिइरहेका बेला सरकार र ठूला भनिएका कांग्रेस, एमाले र एमाओवादी भने सरकार गिराउने र टिकाउने खेलमै पुनः रमाउन थाल्न सक्ने सम्भावना बढेर गएको छ । सत्तामा महत्वपूर्ण जिम्मेवारी लिएर बसेका एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले राष्ट्रिय सहमतिको सरकार निर्माण हुनुपर्ने बताउन थालेका छन् भने प्रधानमन्त्रीकै पार्टीका नेताहरू नै अहिले संविधान कार्यान्वयनका लागि कांग्रेस, एमाले र एमाओवादीसहितको सरकार निर्माण गरिनु पर्ने बताउँदै हिँड्न थालेका हुनाले पुनः मधेस आन्दोलन चर्किए जनताले पुनः दुःख सहनु पर्ने र मुलुकको अर्थतन्त्र ने डामाडोल हुन सक्ने सम्भावना बढेर गएको छ ।

## देउवा र पौडेलबीच...

पक्की जस्तै भएको छ । संवैधानिक व्यवस्था अनुसार संवैधानिक परिषद्मा प्रमुख विपक्षी दलको नेता पनि सदस्य रहने भएकाले लामो समयसम्म उक्त पद खाली हुँदा सरकारले महत्वपूर्ण नियुक्ती जस्ते राजदूत, संवैधानिक आयोगका प्रमुख र सदस्यहरू नियुक्ती गर्न कठिनाई उत्पन्न हुनसक्ने भएकाले कांग्रेसले आफ्नो संसदीय दलको नेताको चुनाव गर्न लागेको हो ।

सुशील कोइरालासँग संसदीय दलको नेताको चुनावमा शेरबहादुर देउवा हारेका थिए । त्यसबेला कोइरालाले १ सय १३ मत र देउवाले ८९ मत पाएका थिए । तर अहिले कोइरालाको निधनपछि पहिला कोइराला पक्षमा रहेका केही नेताहरू देउवा पक्षमा गएका र उनीहरूले १३ औं महाधिवेशनमा देउवालाई सभापति चुन्न सहयोग गरेका हुनाले देउवा नै संसदीय दलको नेता बन्न सक्ने प्रबल सम्भावना रहेको छ । कांग्रेसभित्र तेस्रो गुटको नेतृत्व गरेर सभापतिमा चुनाव लडेका सिटौलाको पक्षमा समेत १०/१२ जना सांसद रहेकाले उनीहरूको मतले समेत संसदीय दलका नेताको चुनावमा केही प्रभाव पान सक्ने अवस्था देखिएको छ । सभापतिको निर्वाचनमा तेस्रो पक्षको उपस्थिति उत्साहजनक रहेको भन्दै सिटौला पक्षीय नेताहरू अहिले आफूहरूले पाएको मतलाई संस्थागत गर्न लागि परेका हुनाले उनीहरूले समेत अन्य कुनै पदमा बार्गेनिङ गरेर संसदीय दलको नेतामा सभापति देउवालाई नै सहयोग गर्न सक्ने सम्भावना देखिएको भएपनि त्यहाँ पनि केही लोभीपापीहरू रहेकाले अहिले नै सिटौला पक्षको रणनीति यस्तो हुन्छ भनेर भन्न सकिने अवस्था नरहेको एक नेताले बताएका छन् । पौडेल पक्षीय नेताहरू सभापतिको निर्वाचनमा पराजित भएपछि कमजोर अवस्थामा पुगेको र आफ्नो पक्षीय नेताहरू नै देउवा पक्षमा गएपछि उनीहरूले संसदीय दलको नेता पनि देउवा नै आंकल गरेका छन् । संसदीय दलको नेतामा देउवा र पौडेलबीच नै भीडन्त हुने भएपनि थोरै मतले भएपनि देउवा नेता बन्न सक्ने अनुमान गरिएको छ ।

## ओली सरकार...

मन्त्रीहरू सरकार ढल्दैन भनेर हरेक दिन भाषण गरिरहेका छन् । लाग्छ, ओली सरकार ढलपल ढलपल गर्न थालिसक्यो । एमाओवादी अध्यक्ष प्रचण्ड मोफसलमा सरकार परिवर्तनको कुरा गर्छन्, राजधानीमा सरकार ढल्दैन भन्छन् । लाग्छ, प्रचण्ड च्याँखे दाउ खेलिरहेका छन् । विश्लेषकहरू भन्छन्- कांग्रेसले संसदीय दलको नेता छानेको भोलिपल्टै प्रम ओलीले राजीनामा दिनेछन् । ओलीमाथि एमाओवादीकै भित्री दबाब बढ्दै गएको छ । ३ दिन अघिमात्र एमाओवादी प्रवक्ता दिनानाथ शर्माले जनअपेक्षाअनुसार काम गर्न सकेन, पीडितले राहत पाएनन्, यस्तै हो भने सरकार छाडिन्छ भनिसकेका छन् ।

# कांग्रेस दियो अन्तिम चेतावनी

काठमाडौं । कांग्रेसले कालोबजार र ११ जना न्यायाधीश सिफारिसमा गरेको राजनीतिकरणबारे प्रधानमन्त्री केपी ओलीलाई अन्तिम चेतावनी दिएको छ । कालोबजारीलाई संरक्षण नगर्नुस्, अदालतमा राजनीतिकरण रोक्नुस् । कांग्रेस सभापति देउवाले दण्डित गर्नुपर्नेलाई उन्मुक्ति दिन ऐनमा गरिएको संशोधन कांग्रेसलाई झुक्याएर गरेको आरोपसमेत लगाएका छन् । देउवाले एमालेका तर्फबाट सभासद बनेकी सपनामल्ल प्रधानलाई न्यायाधीशमा सिफारिस गरिएको विषयलाई बढी गम्भीरतापूर्वक आलोचना गरेका छन् । यस्तो नजिर संसारमै छैन भन्ने कांग्रेसीहरूको मान्यता छ । सपना मल्ल न्यायाधीश बनिन् भने प्रधानन्यायाधीश बन्ने रोलक्रममा रहनेछिन् । त्यसो त केही वर्षभित्रै अधिवक्ताबाट न्यायाधीश बनेकाहरू नै प्रधानन्यायाधीश बनाउने रोलक्रम मिलाएर सिफारिस गरिएको छ ।

# पुनर्निर्माणलाई गति दिन एडिबीको सुझाब

काठमाडौं । एसियाली विकास बैंक (एडिबी)ले नेपालले पुनर्निर्माणको कामलाई गति दिनुपर्ने बताएको छ । राजधानीमा पत्रकार सम्मेलन गर्दै एडिबीका उपाध्यक्ष वेनचाई झाङले पुनर्निर्माण सुरु हुन ढिला भइसकेको बताए । 'यसलाई थप लम्ब्याउन हुँदैन,' चार दिने नेपाल भ्रमणमा रहेका झाङले भने । उनले एडिबीले नेपालको पुनर्निर्माणले गति लिएको हेर्न चाहेको बताए । 'अघिल्लो वर्ष ठूलो भूकम्प गएको हो र त्यसलगत्तै सुरु हुनुपर्ने पुनर्निर्माण विविध कारणले रोकियो,' उनले भने, 'अहिले पुनर्निर्माण प्राधिकरणसमेत बनिकसकेको छ अब पुनर्निर्माणले गति लिनुपर्छ ।'

उपाध्यक्ष झाङले नेपालका प्रधानमन्त्री, उपप्रधानमन्त्रीलगायत उच्चपदस्थ व्यक्तिसँगको भेटमा पुनर्निर्माणलाई गति दिन सुझाब दिएको समेत जानकारी दिए । 'एडिबीले समेत विद्यालय, सडक तथा भवनहरु पुनर्निर्माणमा सहयोग गर्ने निर्णय गरिसकेको छ,' उनले भने, 'हामी छिटो काम सुरू भएर परिणाम आएको हेर्न चाहन्छौं ।'

एडिबीले नेपाललाई दिँदै आएको सहयोग तथा लगानीलाई निरन्तरता दिने उनले बताए । 'खासगरी अन्तरदेशीय प्रसारण लाइन, जलविद्युत्, सडक, कृषि, शिक्षा, खानेपानीलगायतका क्षेत्रमा सहयोग एवं लगानी जारी रहनेछ,' उनले भने, 'यसका लागि सरकार पनि तयार हुनुपर्छ ।' उनले नेपालको खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्नेमा समेत जोड दिए । 'नेपाल सरकारको खर्च गर्न नसक्ने अवस्था पनि गम्भीर विषय हो,' उनले भने, 'यसबारे हामीले सम्बन्धित सरोकारवालालाई सचेत गराएका छौं ।'

उपाध्यक्ष झाङले एडिबीको लगानी तथा सहयोग रहेका अयोजनामा भएको ढिलाइप्रतिसमेत आफ्नो ध्यानआकर्षण भएको बताए । 'विविध कारणले कतिपय आयोजना निर्माणमा ढिलाइ भएको छ,' उनले भने, 'तर, थुप्रै आयोजना समयमै सम्पन्न भएका थुप्रै उदाहरण पनि छन् ।'

शान्ति, मेलमिलाप र पारस्परिक सद्भाव, समुन्नत र सुखी भविष्यको आधार ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार